# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १२ | काठमाडौं | मंगलबार, २२ वैशाख २०८३ | Prabhab National Daily | Tuesday, 5 May 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


## पश्चिम बंगालमा १५ वर्षपछि ढल्यो बनर्जीको शासन

### मोदीको दल भाजपा अब सत्तामा



- बहुमतका लागि १४८ सिट चाहिनेमा भारतीय जनता पार्टीले सोमबार राति अबेरसम्म १९५ सिटमा जित निकालिसकेको छ, ७० सिटमा जित निकालेको तृणमुल कांग्रेसलाई नौ सिटमा अग्रता कायम
- ममता बंगालमा सन् २०११ पछि लगातार तीन कार्यकाल मुख्यमन्त्री थिइन्
- नेपाली सिमानामा पर्ने पश्चिम बंगाल मुसालमानहरूको पनि रोजाइ ममताको दल भए पनि यसपटक भने हिन्दूवादी दल भाजपाको जित
- राजीव गान्धी नेतृत्वको दल कंग्रेसले जम्मा तीन सिटमा जित निकाल्यो

■ प्रभाव संवाददाता

**काठमाडौं–** अनेकन 'स्टन्ट' गरी पश्चिम बंगालको राजनीतिमा १५ वर्षयता एकछत्र राज गरेकी ममता बनर्जीको शासन यसपटक ढल्ने निश्चित भएको छ । पश्चिम बंगालमा यसपटक प्रधानमन्त्री नरेन्द्र मोदीको जादूले ममताको दल तृणमुल कांग्रेसलाई प्रतिपक्षीको बेञ्चमा बसाउने निश्चित भएको हो ।

अघिल्लो विधानसभाको चुनावमा कूल २९४ सिटमध्ये २२३ सिट जितेको ममताको दल तृणमुल यसपटक पराजित बनेको हो । बहुमतका लागि १४८ सिट चाहिनेमा भारतीय जनता पार्टी (भाजपा)ले सोमबार राति अबेरसम्म १९५ सिटमा जित निकालिसकेको छ । ७० सिटमा जित निकालेको तृणमुल कांग्रेसले नौ सिटमा अग्रता कायम गरेको छ ।

ममता बंगालमा सन् २०११ पछि लगातार तीन कार्यकाल मुख्यमन्त्री थिइन् । यसपटक भवानीपुरमा उनी पराजित बनेकी छन् । भवानीपुरको निर्वाचन परिणामपछि आफूलाई कुटपिट गरेको आरोप उनले लगाएकी छन् । 'बिजेपीले मलाई लात्ती हान्यो । मतगणनास्थलमा हाम्रो एजेन्टलाई पस्न दिइएन,' ममताले भनिन् । उनले यो क्षेत्रमा पुनः मतगणना हुनुपर्ने माग गरेकी छन् । गत अप्रिलमा भएको मतदानको नतिजा सोमबारदेखि सार्वजनिक गर्न थालिएको हो ।

भवानीपुरमा सुवेन्दु अधिकारीले ममतालाई १५ हजार मतान्तरमा पराजित गरेकी हुन् । हारपछि ममताले १०० भन्दा बढी सिटमा भाजपाले धाँधली गरी कब्जा गरेको आरोप लगाएकी छन् । 'भाजपाले १०० बढी सिट लुटे । यिनीहरूले धाँधली गरे । चुनाव आयोग नै बिजेपी आयोग बन्यो । हामीले यो कुरा पटक-पटक भनेकै थियो । तर कसैले सुनेनन्,' ममताले सञ्चारकर्मीहरूसँग भनिन् ।

अघिल्लो निर्वाचनमा ममता निर्वाचन क्षेत्रमा आफू घाइते भएको बताउँदै ह्वीलचेयरमै चुनावी प्रचारमा निस्केकी थिइन् । त्यतिबेला उनले आफूलाई घाइते बाघको रूपमा चिनाउने गर्थिन् । नेपाली सिमानामा पर्ने पश्चिम बंगाल मुसालमानहरूको पनि रोजाइ ममताको दल भए पनि यसपटक भने हिन्दूवादी दल भाजपाको यहाँ जित भएको हो । राजीव गान्धी नेतृत्वका दल कंग्रेसले यहाँ जम्मा तीन सिटमा जित निकालेको छ ।

भवानीपुरमा ममतालाई हराएका सुभेन्दु अधिकारीले भने ममतलाई हराउनु अति आवश्यक भएको र यसपटक सम्भव भएको बताएका छन् । 'ममता बनर्जीलाई हराउनैपर्ने थियो । किनभने उनले राजनीतिक सन्यास लिने बेला भइसक्यो । २०२१ मा नन्दीग्राममा हारिन्,' अधिकारीले भने । अधिकारीले यसपटक नन्दीग्रामबाट पनि जित निकालेका छन् ।

प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाह, भाजपा अध्यक्ष नितिन नवीन र जेपी नड्डाले पश्चिम बंगालमा भाजपाको विजयलाई ऐतिहासिक भनेका छन् । यसलाई जनशक्ति र विकास राजनीतिको विजय भन्दै प्रधानमन्त्री मोदीले राज्यको सपना पूरा गर्ने आश्वासन दिएका छन् । 'पश्चिम बंगालमा कमल फुलेको छ । सन् २०२६ को पश्चिम बंगाल विधानसभा चुनाव सधैं सम्झिइने छ,' मोदीले एक्समा लेखेका छन् ।

क्रमशः पृष्ठ २ मा

## लिपुलेक विवादमा चीनको मौनता

- भारतले दोहोऱ्यायो पुरानै अडान
- संवादमार्फत समाधान खोज्न कूटनीतिज्ञहरूको सुझाव



जुन सिमाना विवाद भएको छ, त्यो नेपालको भूमि हो भन्ने कुरामा नेपाल सरकार प्रतिबद्ध छ ।

**सस्मित पोखरेल**
प्रवक्ता, नेपाल सरकार



ऐतिहासिक तथ्य र प्रमाणले लिपुलेक नेपालको हो भने त्यसलाई भारतले स्वीकार गर्नुपर्छ ।

**नीलाम्बर आचार्य**
पूर्वकूटनीतिज्ञ



लिपुलेक पासहुँदै जाने कैलाश मानसरोवर यात्रा सन् १९५४ देखि निरन्तर चलिरहेको पुरानो मार्ग हो, यो कुनै नयाँ विषय होइन । लिपुलेकबारे एकतर्फी रूपमा गरिएका दाबीहरू स्वीकार्य हुँदैन ।

**रणधीर जैसवाल**
प्रवक्ता, भारतीय विदेश मन्त्रालय




■ जेबी योञ्जन

**काठमाडौं–** नेपाली भूमि लिपुलेक हुँदै भारत र चीनले सञ्चालन गर्न लागेको कैलाश-मानसरोवर यात्राको विषयले पुनः नेपाल-भारत-चीन त्रिदेशीय सम्बन्धमा तरंग पैदा गरेको छ । नेपालले सोमबार लिपुलेक ऐतिहासिकतासँगै विभिन्न दस्तावेज, अन्य सबुत प्रमाणका आधारमा नेपाली भूमि भएको स्पष्ट पारेको छ ।

यसअघि आइतबार पनि नेपाल सरकारले सोही दाबी गरेको थियो । यस मामिलामा चीन मौन छ । भारतले भने नेपालको दाबीलाई खारेज गरिदिएको छ ।

यद्यपि, सोमबारको मन्त्रिपरिषद् बैठकपछि सरकारका प्रवक्ता सस्मित पोखरेलले नेपाल आफ्नो भूमिसम्बन्धी विषयमा पूर्णरूपमा स्पष्ट र अडिग रहेको बताउँदै लिपुलेकहुँदै सञ्चालन गर्न लागिएको कैलाश-मानसरोवर यात्राबारे भारत र चीन दुवैलाई कूटनीतिक माध्यमबाट विमति जनाएको बताएका छन् । उनले नेपालले यसअघि पनि पटक-पटक यस्ता गतिविधिप्रति आपत्ति जनाउँदै आएको स्मरण गराउँदै अहिले पनि आफ्नो अडानमा कुनै परिवर्तन नभएको प्रस्ट पारे । उनले मन्त्रिपरिषद् बैठकपछि पत्रकारहरूलाई भने, 'नेपाल सरकार पनि जुन सीमाना विवाद भएको छ, त्यो नेपालको भूमि हो भन्ने कुरामा प्रतिबद्ध छ ।'

उनले लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्र आफ्नो अभिन्न भूभाग भएको तथ्यमा नेपाल सरकार अडिग रहेको बताएका छन् । साथै, ती क्षेत्र प्रयोग गरी एकतर्फी रूपमा व्यापार वा तीर्थयात्रा सञ्चालन गर्ने प्रयासहरू नेपाललाई मान्य नहुने उनको भनाइ छ ।

तर, आइतबार राति नै भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले लिपुलेक पासहुँदै कैलाश-मानसरोवर यात्रा सन् १९५४ देखि निरन्तर सञ्चालन हुँदै आएको दाबी गर्दै यसलाई नयाँ विषयका रूपमा प्रस्तुत गर्न नहुने बताएका छन् । उनले भारतको अडान स्पष्ट, स्थिर र ऐतिहासिक तथ्यमा आधारित रहेको उल्लेख गर्दै एकतर्फीरूपमा गरिएका दाबीहरू स्वीकार्य नहुने प्रतिक्रिया दिएका छन् ।

भारतले आफ्नो तर्फबाट ऐतिहासिक अभ्यास र द्विपक्षीय सम्झौताहरूलाई आधार बनाउँदै उक्त मार्ग प्रयोगको औचित्य पुष्टि गर्ने प्रयास गरेको देखिन्छ । विशेषतः सन् १९५४ मा भारत र चीनबीच भएको 'सिनो-इण्डियन एग्रिमेन्ट'मा तीर्थयात्री र व्यापारीहरूले लिपुलेकलगायतका मार्ग प्रयोग गर्न सक्ने प्रावधान उल्लेख गरिएको थियो । भारतले यही सहमतिलाई आफ्नो दाबीको आधार बनाउँदै आएको छ ।

तर, नेपालले भने उक्त सम्झौतामा आफ्नो संलग्नता नरहेको र त्यसले नेपालको भौगोलिक दाबीलाई कुनै असर नपार्ने तर्क प्रस्तुत गर्दै आएको छ । नेपाल र चीनबीच औपचारिक कूटनीतिक सम्बन्ध नै सन् १९५५ मा मात्र स्थापना भएको सन्दर्भमा १९५४ को सम्झौता नेपालका लागि बाध्यकारी हुन नसक्ने धारणा कूटनीतिकवृत्तमा व्यक्त हुँदै आएको छ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## कम्बोडियाको स्क्यामिङ केन्द्रमा संलग्नलाई पाँच लाख डलरसम्मको जरिवाना

■ प्रभाव संवाददाता

**काठमाडौं–** कम्बोडियाको अवैध स्क्यामिङ केन्द्रहरूमा संलग्न व्यक्तिलाई पाँच लाख अमेरिकी डलरसम्मको जरिवाना सजाय हुने भएको छ । कम्बोडियाले गत साताबाट लागू हुनेगरी कसुरको प्रकृति हेरेर पाँच लाख डलरसम्म जरिवाना र आजीवन कैदसम्मको सजाय हुनसक्ने गरी नयाँ कानुन ल्याएको छ ।

कम्बोडिया सरकारले यस्ता स्क्यामिङ केन्द्रहरूलाई बन्द गर्ने, नष्ट गर्ने तथा संलग्नहरूलाई पक्राउ गर्ने कार्यलाई समेत तीव्र पारेको थाइल्याण्डस्थित नेपाली दूतावासले सोमबार जनाएको छ । यस्ता गतिविधिलाई निस्तेज पार्न दूतावासले आफूलाई कम्बोडिया पुऱ्याउने व्यक्तिविरुद्ध नेपाल फर्किसकेपछि या कम्बोडियाबाटै पनि उजुरी गर्न आह्वान गरेको छ ।

दूतावासले आफ्नो भिसा अवधि सकिएपछि स्वदेश फर्किन, कुनै पनि गैरकानुनी गतिविधिमा संलग्न नहुन तथा संलग्न भए तुरुन्त त्यस्तो काम बन्द गरेर नेपाल फर्किनसमेत भनेको छ । वैदेशिक रोजगारीमा जानुअघि नेपालस्थित वैदेशक रोजगार विभाग तथा सम्बन्धित मुलुकको नेपाली दूतावास तथा महावाणिज्यदूतावाससँग सम्पर्क गरेर रोजगारीको आधिकारिकता यकीन गरेरमात्र जान आग्रह गरेको छ ।




- स्क्यामिङ केन्द्रहरु बन्द गर्ने र त्यसमा संलग्नलाई पक्राउ गर्ने कार्यलाई तीव्रता दिँदै कम्बोडिया सरकार
- आफूलाई कम्बोडिया पुऱ्याउने व्यक्तिविरूद्ध नेपाल फर्किसकेपछि या कम्बोडियाबाटै पनि उजुरी गर्न थाइल्याण्डस्थित नेपाली दूतावासको आग्रह

हाल कम्बोडियामा रहेका नेपालीहरूको विवरण संकलन गरेर नेपाल फर्कन सहजीकरण गर्ने काम भइरहेको छ । यसका लागि पीडित व्यक्तिले अनलाइन फाराम भर्नुपर्ने छ । आफ्नो परिवारको सदस्य तथा साथीभाइ कम्बोडियामा गएर अलपत्र परेको तथा लामो समयसम्म बसिरहेको भए जानकारी गराउनसमेत दूतावासले अनुरोध गरेको छ ।

नेपालीहरू आकर्षक तलब सुविधाको प्रलोभनमा परेर पर्यटकीय भिसामा कम्बोडिया जाँदै आएका छन् । उनीहरूको भनाइअनुसार विभिन्न व्यक्ति, साथीभाइ तथा अनलाइन साथी, पबजीलगायत अनलाइन गेम खेल्ने साथी, सामाजिक सञ्जालको विज्ञापन आदिको माध्यमबाट त्यहाँ पुगेको पाइन्छ । उनीहरूलाई भाइबर, ह्वाट्सएप, टिकटक, टेलिग्राम, मेसेञ्जर आदिमा मेसेज आउने र विभिन्न कार्यालय, कल सेन्टर, कम्प्युटर अपरेटर, रिसेप्सनिस्टलगायतका काममा एक लाखभन्दा बढी कमाइन्छ भनेर प्रलोभनमा पार्ने गरेको पीडितहरूले बताउँदै आएका छन् ।

पीडितहरूले विभिन्न समयमा दिएको बयानअनुसार स्क्यामिङ केन्द्रहरूमा पुऱ्याइएपछि केही महिना सजिला काममा लगाउने र त्यसपछि कामको निश्चित लक्ष्य दिइने गरेको भेटिएको छ । उक्त लक्ष्य पुरा गर्न नसके अपराधको आरोप लगाएर आर्थिक तथा शारीरिक शोषण गर्ने, बन्धक बनाइ फिरौती माग्ने, जेल पठाउनेदेखि हत्यासम्म गर्ने गरेको भेटिएको छ । सो कामबाट निस्कन खोज्ने व्यक्तिले त्यही काममा अर्को व्यक्ति नल्याएसम्म काम छोड्न नपाएको पीडितले बताउँदै आएका छन् ।

कम्बोडियाको पर्यटनसँग सम्बन्धित तथ्यांकअनुसार सन् २०२१ यता त्यहाँ जाने नेपालीहरूको संख्या बर्सेनि बढेको पाइन्छ । २०२१ मा १०१ जना नेपाली भ्रमण भिसामा उक्त मुलुक गएका थिए ।

क्रमशः पृष्ठ २ मा

**राष्ट्रपति र सरकारबीच टकराव**

## राष्ट्रपतिले फिर्ता पठाएको अध्यादेश पुनः हुबहु सिफारिस





- आइतबार राष्ट्रपति कार्यालयबाट फिर्ता आएको संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) (पहिलो संशोधन) सम्बन्धी अध्यादेश जारी गर्न पुनः सिफारिस

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) (पहिलो संशोधन) अध्यादेश, २०८३ जारी गर्न पुनः राष्ट्रपतिसमक्ष सिफारिस गरेको छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले आइतबार राष्ट्रपति कार्यालयबाट फिर्ता आएको उक्त अध्यादेश जारी गर्न पुनः सिफारिस गर्ने निर्णय गरेको हो ।

कानुनविद्सँग परामर्शपछि राष्ट्रपति रामचन्द्र पौडेलले पुनर्विचारका लागि भन्दै उक्त अध्यादेश फिर्ता पठाएको थियो । तर मन्त्रिपरिषद्ले परिमार्जन नगरी फेरि पठाएको सरकारका प्रवक्ता सस्मित पोखरेलले बताए । 'पहिला जुन थियो, त्यही नै पठाएका छौं । कुनै परिमार्जन छैन,' प्रवक्ता पोखरेलले भने ।

यसअघि सरकारले संवैधानिक परिषद्सहित विभिन्न आठ वटा अध्यादेश सिफारिस गरेको थियो । तीमध्ये सात वटा अध्यादेश भने राष्ट्रपतिले जारी गरिसकेका छन् । गत सोमबार वालेन्द्र शाह नेतृत्वको सरकारले उक्त अध्यादेश सिफारिस गरेको हो ।

क्रमशः पृष्ठ २ मा

### अध्यादेश संविधान विरोधीः कांग्रेस

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले संवैधानिक परिषद्सम्बन्धी अध्यादेश लग्नु बदनियतपूर्ण भनेको छ । कांग्रेस केन्द्रीय सम्पादन समितिको सोमबार बसेको बैठकले उक्त अध्यादेश पूर्णतः संविधानविरोधी रहेकोसमेत दाबी गरेको छ । 'पूर्ववर्ती सरकारले संविधानको मर्मविपरीत ल्याएको संवैधानिक परिषद्सम्बन्धी व्यवस्थाकै दुरुस्त हुनेगरी वर्तमान सरकारले आफू अनुकूल राजनीतिक निर्णय गर्न ल्याएको अध्यादेश पूर्णतः संविधान विरोधी र बदनियतपूर्ण छ,' बैठकपछि कांग्रेसले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

### लिपुलेक...

नेपालले आफ्नो दाबीको मुख्य आधार सन् १८१६ को सुगौली सन्धिलाई बनाउँदै आएको छ । उक्त सन्धिअनुसार काली (महाकाली) नदीको पूर्वतर्फका सबै भूभाग नेपालका हुन् । नेपालले लिम्पियाधुरालाई महाकाली नदीको मुहान मान्दै त्यसपूर्वका लिपुलेक र कालापानी क्षेत्र आफ्नो भएको दाबी गर्दै आएको छ ।

यसै आधारमा नेपालले २०७७ सालमा संविधान संशोधन गरी नयाँ नक्सा जारी गरेको थियो, जसमा लिम्पियाधुरा, लिपुलेक र कालापानीलाई औपचारिकरूपमा समेटिएको छ । उक्त कदमलाई नेपालले आफ्नो ऐतिहासिक अधिकारको पुनः पुष्टि भएको रूपमा प्रस्तुत गरेको थियो ।

तर, भारतले भने आफ्नो २०१९ मा जारी गरेको नयाँ राजनीतिक नक्सामा ती क्षेत्रलाई आफ्नै सीमाभित्र देखाएको थियो, जसले दुई देशबीचको विवादलाई सतहमा ल्याएको थियो । त्यसयता नेपालले पटक-पटक कूटनीतिक नोट पठाएर आफ्नो असहमति जनाउँदै आएको छ ।

कूटनीतिक मामिलाका जानकारहरूका अनुसार लिपुलेक विवादमा सबै पक्षले आ-आफ्नो तर्क प्रस्तुत गर्नु स्वाभाविक भए पनि समाधानको एकमात्र उपाय संवाद नै हो । पूर्वराजदूत नीलाम्बर आचार्यले प्रभावसँग भने, 'कुनै भूभाग प्रयोग हुँदै आएको आधारमा स्वामित्व निर्धारण गर्न सकिँदैन । ऐतिहासिक तथ्य र प्रमाणले लिपुलेक नेपालको हो भने त्यसलाई स्वीकार गर्नुपर्छ ।'

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सरकारको अडानलाई समर्थन जनाएको छ । कांग्रेसले भारत-चीन सहमतिप्रति आपत्ति जनाउँदै सीमा विवाद समाधानका लागि कूटनीतिक र राजनीतिक माध्यमबाट पहल गर्नुपर्नेमा जोड दिएको छ । साथै, अन्तर्राष्ट्रिय मुद्दामा दलगत विभाजन हुन नहुने र सबै दल एकजुट भएर राष्ट्रिय हितको पक्षमा उभिनुपर्ने धारणा व्यक्त गरेका छन् ।

श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले पनि लिपुलेक नेपाली भूमि भएको र त्यसका लागि त्यस क्षेत्रमा नेपाली सेनालाई परिचालन गर्नुपर्ने उनले माग गरे ।

#### ११ वर्षअघिको त्यो सहमति

लिपुलेक नाकाहुँदै व्यापार र तीर्थयात्रा सञ्चालन गर्ने विषयमा भारत र चीनबीच सन् २०१५ मा सहमति भएको थियो । नेपालले तत्कालै विरोध गर्‍यो । दुवै देशलाई कूटनीतिक नोट पठायो । यसपछि कोभिड-१९ महामारीका कारण बन्द रहेको उक्त मार्ग पुनः सञ्चालन गर्ने विषयमा पछिल्ला वर्षहरूमा भारत-चीनबीच पुनः सहमति भएको देखिएको हो ।

नेपालले भने यस्तो सहमतिप्रति निरन्तर असन्तुष्टि जनाउँदै आएको छ । विशेषतः नेपालको दाबी रहेको भूभाग प्रयोग गरी कुनै पनि गतिविधि सञ्चालन गर्नु अन्तर्राष्ट्रिय कानुन र द्विपक्षीय सम्बन्धको मर्मविपरीत हुने नेपालको तर्क छ ।

परराष्ट्र मन्त्रालयले यसअघि पनि भारतलाई उक्त क्षेत्रमा सडक निर्माण, व्यापार विस्तार वा तीर्थयात्रा सञ्चालन नगर्न आग्रह गर्दै आएको जनाएको छ । साथै, चीनलाई पनि उक्त क्षेत्र नेपालको भएको जानकारी आधिकारिकरूपमा गराइसकेको मन्त्रालयले स्पष्ट पारेको छ ।

■■■

### पश्चिम...

'जनताको शक्तिको जित भएको छ र भाजपाको सुशासनको राजनीतिले जितेको छ । म पश्चिम बंगालका प्रत्येक नागरिकलाई नमन गर्दछु । जनताले भाजपालाई ठूलो जनादेश दिएका छन् र म उनीहरूलाई विश्वास दिलाउन चाहन्छु कि हाम्रो पार्टीले पश्चिम बंगालका जनताको सपना र आकांक्षा पूरा गर्न हरसम्भव प्रयास गर्नेछ । हामी समाजका सबै वर्गलाई अवसर र सम्मान सुनिश्चित गर्ने सरकार प्रदान गर्नेछौं,' मोदीले थप लेखेका छन् ।

भारतको स्वतन्त्रता संग्रामको नेतृत्व गरेको कंग्रेसबाट राजनीति थालेकी ममताले बंगालमा कम्युनिस्ट सरकारको आक्रामकरूपमा विरोध गरेकी थिइन् । सन् १९९० को दशकमा राष्ट्रिय राजनीतिमा वामपन्थी दलहरूसँग कंग्रेस नजिकिन थालेपछि ममताले कंग्रेस नेता मुकुल रोयसँग मिलेर १९९७ मा उनले तृणमुल (भुइँ तह) कंग्रेसको स्थापना गरेकी थिइन् ।

ममता अर्को वर्षको लोकसभा निर्वाचनमा तृणमुलबाट सांसद निर्वाचित भइन् । दबंग शैली अपनाउने ममता सन् २०११ मा ३४ वर्षदेखिको कम्युनिस्ट किल्ला तोड्दै मुख्यमन्त्री बनेकी थिइन् । मोदी प्रधानमन्त्री भएपछि भाजपाले देशैभरी प्रभाव विस्तार गर्दा पनि पश्चिम बंगालमा मोदीको जादू चल्न सकेको थिएन । यसपटक भने भाजपाले बंगालमा विशाल जित निकालेको छ ।

हिन्दू अतिवादी भाजपामा भोट नहाल्ने मुसलमान र तृणमुललाई भोट हाल्ने गरिब र अरू अल्पसंख्यक मतदाताको नाम कटाइएको भनेर विपक्षीले आरोप लगाएका छन् । हिन्दू कट्टरपन्थी नीतिले पनि भाजपालाई फाइदा पुगेको देखिन्छ । हिन्दू अतिवादी नीति अँगालेर हिन्दूको बहुमत भएको देशमा शासन गरिरहेको भाजपाको सो नीतिले बंगालमा पनि काम गरेको छ ।

१५ वर्षअघि ममता पहिलोपटक मुख्यमन्त्री बनेका बेला भाजपाले बंगालको विधानसभामा कुनै पनि सिट जितेको थिएन । मोदी प्रधानमन्त्री बनेको दुई वर्षपछि भएको विधानसभा चुनावमा भाजपाले तीन सिट जितेको थियो । सन् २०२१ मा बंगालमा जित्न मोदी र शाहले ठूलो मिहेनत गरेका थिए । त्यतिबेला भाजपाले ७७ सिटमा जित निकालेको थियो ।

#### तमिलनाडुमा थलपतिको जित, अरू चार प्रदेशमा के भइरहेको छ ?

तमिलनाडुमा 'तमिलगा वेट्री कजगम'(टिविके)ले कूल १०३ सिटमा जित निकालेर विजयको आधार खडा गरेको छ । यो दलको नेतृत्व सिनेस्टार थलपतिका नामले चर्चित जोसेफ विजय गरेका छन् । टिविके हालै स्थापना भएको पार्टी हो । तमिलनाडुमा मुख्यमन्त्री एमके स्टालिनको सत्तासीन पार्टी डिएमके ६० सिट जितेर प्रतिपक्षी बन्ने देखिएको छ भने अहिलेका प्रमुख प्रतिपक्षी एआइएडिएमकेले ५० सिट जितेको छ ।

सन् २०२६ को आसम विधानसभा चुनावमा भाजपा नेतृत्वको एनडिएले शानदार प्रदर्शन गरेको छ असमको कूल १२६ सदस्यीय सदनमा १०१ सिटमा जित निकालेको छ । यो बहुमतको आँकडाभन्दा निकै धेरै हो । यससँगै हिमन्त बिस्वा सरमाले लगातार दोस्रोपटक मुख्यमन्त्री पदका लागि बलियो पकड बनाएका छन् ।

केरलामा कांग्रेस नेतृत्वको युडिएफले १४० सदस्यीय विधानसभामा बहुमत अर्थात् १०२ सिटमा विजय हासिल गरेको छ । पछिल्लो चुनावी तथ्यांकले भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) को नेतृत्वमा रहेको सत्तारूढ वाम लोकतान्त्रिक मोर्चा (एलडिएफ) ले ३५ सिट जितेको छ भने भाजपाले तीन सिटमा जित दर्ता गरेको छ । यो फैसलालाई एलडिएफको १० वर्षे कार्यकालको निर्णायक अस्वीकृतिको रूपमा हेरिएको छ ।

केरलाका मुख्यमन्त्री पिनाराई विजयनले सोमबार धर्मदाम विधानसभा निर्वाचन क्षेत्रमा ८५ हजार ६१४ मत ल्याएर विजयी भएका छन् । पडुचरीमा एनडिएले १८ स्थानमा जित हासिल गरेको छ । भारतीय राष्ट्रिय कांग्रेसले सन् २०२१ को विधानसभा निर्वाचनको प्राप्त सिटमध्ये थप दुई सिट गुमाउँदै छ स्थानमा विजय प्राप्त गरेको छ । पडुचेरीमा टिविकेले तीन सिट र अन्यले तीन सिट प्राप्त गरेका छन् ।

■■■

### कम्बोडियाका...

त्यसपछि २०२२ मा एक हजार ९७७ गएको तथ्यांक छ । त्यस्तै, २०२३ मा दुई हजार ९४०, २०२४ मा छ हजार ४०४ र २०२५ मा नौ हजार ६७६ जना गएको पाइन्छ । भिजिट भिसामा गएकाहरू धेरैजसो लुकीछिपी रोजगारी गरिरहेको हुनसक्ने अनुमान गरिएको छ ।

वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिएर कम्बोडिया जानेहरूको संख्या भने न्यून छ । विभागको तथ्यांकअनुसार आ.व. २०७९/८० मा ५०, ०८०/८१ मा ७३ र ०८१/८२ मा १८० जना रोजगारीको खोजीमा कम्बोडिया गएको तथ्यांक छ । उनीहरू व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृति लिएर गएका हुन् ।

दक्षिणपूर्वी एसियाका थाइल्याण्ड, म्यानमार, लाओस्लगायत मुलुकका स्क्याम केन्द्रमा नेपालीहरू रोजगारीको प्रलोभनमा पुर्‍याइएका छन् । जसमध्ये सबैभन्दा धेरै कम्बोडियामा छन् । सन् २०२६ को हालसम्म यी तीनवटा मुलुकबाट ५९७ जना नेपालीको उद्धार गरिएकोमा ४७२ जना कम्बोडियाबाट रहेको दूतावासको तथ्यांक छ ।

■■■

### राष्ट्रपतिले...

नेपालको संविधानबमोजिम यसअघि संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक प्रमाणीकरणका लागि मिति २०८२ असार २५ मा पेस भएकोमा सन्देशसहित उक्त विधेयक फिर्ता पठाइएको, तत्कालीन मन्त्रिपरिषद्को मिति २०८२ मंसिर २ को निर्णयबमोजिम प्राप्त भएको संवैधानिक परिषद्सम्बन्धी अध्यादेश जारी नभएको स्मरणसमेत राष्ट्रपतिको कार्यालयले गरेको थियो ।

यो विधेयक प्रतिनिधिसभामा २०७९ फागुन १२ गते दर्ता भएकामा दुवै सदनबाट पारित गरी प्रमाणीकरणका लागि २०८२ असार ३१ गते शीतलनिवास पठाइएको थियो । त्यतिखेर एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री थिए ।

राष्ट्रपति पौडेलले विभिन्न पाँच वटा आधारसहित साउन ८ गते विधेयक प्रतिनिधिसभामा फिर्ता पठाइदिएका थिए ।

सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले पनि गत मंसिर २ गते संवैधानिक परिषद्सम्बन्धी अध्यादेश सिफारिस गरेकामा राष्ट्रपति पौडेलले 'होल्ड'मा राखेका थिए । आफैंले प्रमाणीकरण नगरी फिर्ता गरेको विधेयकको व्यवस्था समेटेर सरकारले सिफारिस गरेको अध्यादेश जारी गर्ने/नगर्नेमा राष्ट्रपति पौडेल संकटमा परेका थिए ।

वालेन्द्र नेतृत्वको सरकारले आफू अध्यक्ष रहेको संवैधानिक परिषद्ले तीन सदस्यबाटै निर्णय गर्न सकिने व्यवस्था राखेर राष्ट्रपति पौडेलसमक्ष अध्यादेश सिफारिस गरेको थियो । प्रधानमन्त्री अध्यक्ष रहने परिषद्मा प्रधानन्यायाधीश, सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, उपसभामुख र प्रतिपक्षी दलका नेता गरी छ जना सदस्य रहन्छन् ।

संवैधानिक परिषद्सम्बन्धी मूल ऐनको दफा ६ को (३) मा अध्यक्ष र कम्तीमा चार जना सदस्य उपस्थित भएपछि मात्रै परिषद्को बैठकका लागि गणपूरक संख्या पुगेको मानिने व्यवस्था छ । सोही दफा ६ को उपदफा ४, ५, ६ र ७ मा निर्णय प्रक्रियासम्बन्धी व्यवस्था छ । त्यसमा सहमतिका लागि दुईवटा बैठक सफल हुन नसकेमामात्रै कूल सदस्य संख्याको बहुमतबाट निर्णय गर्न सकिने व्यवस्था छ ।

तर, सरकारले चार जना सदस्य उपस्थित रहेको अवस्थामा पहिलो बैठकबाटै तीन जनाबाटै निर्णय गर्न सकिने व्यवस्था राखेर अध्यादेश सिफारिस गरेपछि राष्ट्रपतिले बहुमतीय प्रणालीलाई कायमै राख्नुपर्ने अडान राखेको बताइन्छ । 'अध्यादेश जारी हुँदा कूल संख्याको बहुमत ओझेलमा पर्ने देखिएको र बहुमतको आधार नै अन्तिम आधार मान्नुपर्ने राष्ट्रपतिको धारणा छ,' राष्ट्रपतिको सचिवालयले भन्यो । दोस्रोपटक अध्यादेश पठाएपछि राष्ट्रपति जारी गर्न बाध्य हुने कानुनविद्हरू बताउँछन् ।

■■■

### अध्यादेश...

कांग्रेसले उक्त अध्यादेश अविलम्ब फिर्ता लिनसमेत कांग्रेसले आग्रह गरेको छ । 'संविधानको मर्मविपरीत ल्याइएको संवैधानिक परिषद्सम्बन्धी अध्यादेश अविलम्ब फिर्ता लिन र संविधानप्रति पूर्ण प्रतिबद्ध रहन नेपाली कांग्रेस सरकारलाई पुनः सचेत गराउँदछ,' विज्ञप्तिमा भनिएको छ ।


**कर्मचारी नरहेको सम्बन्धी सूचना**

यस **Langtang Overseas Pvt. Ltd.** (ई.प.नं. १६४३/०८०/०८१) मा कार्यरत **भरत धमाला**(ना.प्र.प्र.नं.६७-०२-७९-०४०४०) आजको मितिबाट यस प्रा.लि. मा नरहेको हुनाले निज **भरत धमाला**बाट यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

LANGTANG OVERSEAS PVT.LTD.
Basundhara-3, Kathmandu, Nepal, Tel: 01-4971229, 5903078, 9707312439
Email: info@langtangoverseas.com, Web: www.langtangoverseas.com
Govt. License 1643/080/081

**साउदीमा रोजगार**
कम्पनी : CONSTRUCTION COALITION COMPANY LIMITED
पूर्व स्वीकृति मिति : २०८३/०१/२० LT. No. 341396 चलानी नं. ६०२५४८१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 10 | 0 | 1000 | ४०,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ वैशाख २९ गते (12th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३२८/०७४/७५
EXCELLENT MANPOWER SERVICES PVT.LTD.
Purano Baneshwor, Kathmandu, Nepal, Tel : +977 01 4536529, 4585517
E-mail :- excellentmanpower1328@gmail.com, Website:- www.excellentmanpowerservices.com.np

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८३/०१/२२ गते

यस कम्पनीको मिति २०८३/०१/१५ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **चिल्ड्रेन प्याराडाईज ईङ्गलीस मिडीयम वोर्डिङ स्कूल वाँके** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०१/२१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **चिल्ड्रेन प्याराडाईज ईङ्गलीस मिडीयम सेकेन्डरी स्कूल वाँके (प्रा.लि.नं. ४३५३८)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६८/०३/२६ मा दर्ता भएको प्रा.लि.नं. ८४४२६ को **ए.ए.ए. ट्राभल्स एण्ड टुरिजम ट्रेनिङ सेन्टर प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०८/१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धि सूचना**

तेश्रो पटक प्रकाशित मिति : २०८३/०१/२२

यस कम्पनीको सम्पन्न बिशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/१०/२९ गते स्विकृति प्राप्त भई साबिक कम्पनी **घामखेति प्रा.लि.** (प्रा.लि.नं.२६६६९९/०७८/०७९) नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु ब्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नाम **घामखेति गुरु कम्पनी लि.** अग्रेजीमा **Ghamkheti Guru Company Limited** को कम्पनीले सकार्ने ब्यहोर्ने गरि कम्पनीको नाम परिवर्तन गरिएको ब्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभाग, काठमाडौंको सूचना**

प्रकाशित मितिः- २०८३/०१/२२

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त संस्था श्री **Shalmani Overseas Pvt. Ltd.** (इ.प.नं.828/066/67) ले यस विभाग समक्ष चितवन जिल्ला भरतपुर महानपालिका वडा नं.१० मा रहेको शाखा कार्यालयमा शाखा प्रमुखको रूपमा सायना सापकोटा रहेको शाखा कार्यालयको ठेगाना र शाखा प्रमुख परिवर्तन गरी चितवन जिल्ला भरतपुर महानपालिका वडा नं. ०४ मा शाखा कार्यालय संचालन र शाखा प्रमुखमा चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं.- २८ बस्ने श्री समिक्षा सापकोटा लाई नियुक्त गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभाग संस्था दर्ता तथा समन्वय शाखामा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८३/०१/१७ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभाग, काठमाडौंको**
**सूचना**
*प्रकाशित मिति २०८३/०१/२२ गते*

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त संस्था WORKFORCE SERVICES PVT. LTD. (ई.प.नं.१७२/०५६/५७) ले यस विभाग समक्ष तपसिल बमोजिमको शाखा कार्यालय बन्द गरी धरौटी रकम फिर्ता गरी पाऊँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा शाखा कार्यालय बन्दको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र) दिन**भित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभागको संस्था दर्ता तथा समन्वय शाखामा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८३/०१/१६ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शाखा कार्यालयको अनुमति पत्र रद्द गरी धरौटी रकम फिर्ता भई जाने व्यहोरासमेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | शाखा कार्यालय रहेको ठेगाना | शाखा प्रमुखको नाम |
|---|---|---|
| १. | कोशी प्रदेश झापा जिल्ला दमक न.पा.वडा नं.९ | पाँचथर जिल्ला फिदिम न.पा. वडा नं.५ बस्ने शारदा गुरुङ |


## आजको राशिफल



**ज्यो. गुरू अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**मंगलबार, २२ वैशाख, २०८३**

| राशि | फल |
|---|---|
| मेष | सोचेर अघि बढ्नु राम्रो हुनेछ । अनावश्यक खर्चबाट बच्नुहोस् । |
| वृष | मेहनतको राम्रो फल मिल्नेछ । आर्थिक लाभ हुन सक्छ । |
| मिथुन | सानो गल्तीले तनाव दिन सक्छ । सोचेर मात्र निर्णय गर्नुहोस् । |
| कर्कट | परिवारबाट सहयोग मिल्नेछ । मन शान्त र सकारात्मक रहनेछ । |
| सिंह | मन खुसी रहनेछ । प्रेम र सम्बन्धमा सुधार आउनेछ । |
| कन्या | मित्रसँगको सम्बन्ध मजबुत हुनेछ । नयाँ योजना अघि बढ्नेछ । |
| तुला | चुनौती आए पनि पार गर्न सकिनेछ । आत्मविश्वास बढ्नेछ । |
| वृश्चिक | काममा सफलता मिल्नेछ । नयाँ अवसरले उत्साह बढाउनेछ । |
| धनु | आर्थिक पक्ष सुधार हुने संकेत छ । धैर्यले राम्रो नतिजा दिनेछ । |
| मकर | काममा व्यस्तता बढ्नेछ । तर उपलब्धि पनि राम्रो हुनेछ । |
| कुम्भ | यात्राको सम्भावना देखिन्छ । नयाँ अनुभवले फाइदा दिनेछ । |
| मीन | नेतृत्व क्षमताले सफलता दिलाउनेछ । सम्मान प्राप्त हुने दिन छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२२ वैशाख, २०८३ (५ मे २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५१.५६ | १५२.१६ |
| युरो | १ को | १७७.६४ | १७८.३५ |
| पाउन्ड स्टिर्लङ | १ को | २०५.७५ | २०६.५६ |
| स्विस फ्रेन्क | १ को | १९३.८५ | १९४.६२ |
| अस्ट्रेलियन डलर | १ को | १०९.२१ | १०९.६४ |
| क्यानाडियन डलर | १ को | १११.५४ | १११.९८ |
| सिङगापुर डलर | १ को | ११९.०० | ११९.४७ |
| जापानी येन | १० को | ९.६५ | ९.६९ |
| चिनियाँ युआन | १ को | २२.२० | २२.२८ |
| साउदी अरब रियाल | १ को | ४०.४१ | ४०.५७ |
| कतारी रियाल | १ को | ४१.५९ | ४१.७६ |
| थाई भाट | ख १ को | ४.६७ | ४.६९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.२६ | ४१.४२ |
| मलेसियन रिङेट | १ को | ३८.१८ | ३८.३३ |
| दक्षिण कोरियन वन | १०० को | १०.३० | १०.३४ |
| स्विडिस क्रोनर | १ को | १६.४५ | १६.५१ |
| डेनिस क्रोनर | १ को | २३.७७ | २३.८७ |
| हङकङ डलर | १ को | १९.३५ | १९.४२ |
| कुवेती दिनार | १ को | ४९४.०८ | ४९६.०४ |
| बहराइन दिनार | १ को | ४०१.३५ | ४०२.९४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

# ट्राफिक प्रहरीलाई प्रदूषणबाट उत्पन्न स्वास्थ्य समस्या न्यूनीकरणसम्बन्धी तालिम



**ललितपुर (प्रस)–** आयुर्वेद तथा वैकल्पिक चिकित्सालय ललितपुरले ट्राफिक प्रहरीहरूलाई लक्षित गर्दै प्रदूषणबाट उत्पन्न स्वास्थ्य समस्याको न्यूनीकरणसम्बन्धी तीन दिने कार्यक्रम सम्पन्न गरेको छ ।

गत शुक्रबारदेखि सुरु भएको उक्त कार्यक्रम आइतबार सम्पन्न भएको थियो । बढ्दो वायु प्रदूषणका कारण ट्राफिक प्रहरीको स्वास्थ्यमा परेको नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने तथा उनीहरूको शारीरिक र मानसिक स्वास्थ्य सुदृढ बनाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको चिकित्सालयले जानकारी दिएको छ ।

कार्यक्रममा ४० जना ट्राफिक प्रहरीको सहभागिता रहेको जानकारी चिकित्सालयकी डा. पुनम नेपालले दिइन् । तीन दिनसम्म सञ्चालन गरिएको कार्यक्रममा सहभागीहरूलाई योग तथा प्राणायामसम्बन्धी प्रशिक्षण दिइएको थियो । नियमित योग र प्राणायाम अभ्यासले श्वासप्रश्वास प्रणालीलाई मजबुत बनाउने र प्रदूषणका कारण हुने विभिन्न स्वास्थ्य समस्याबाट बच्न सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ ।

यसका साथै कार्यक्रममा आयुर्वेदिक पद्धतिमा आधारित ‘जलनेती’ विधिको प्रयोगात्मक अभ्यास गराइएको थियो । जलनेती विधिअन्तर्गत नुन मिसाइएको मनतातो पानी एक नाकको प्वालबाट हालेर अर्को नाकको प्वालबाट निकाल्ने प्रक्रिया सिकाइएको थियो । चिकित्सकका अनुसार यसको नियमित अभ्यासले नाक र श्वासप्रश्वास मार्ग सफा राख्न मद्दत गर्नुका साथै धूलो-धुवाँका कारण हुने असर कम गर्न सहयोग पुऱ्याउँछ ।

त्यसैगरी कार्यक्रममा ‘नस्य कर्म’ सम्बन्धी जानकारी तथा अभ्यास पनि गराइएको थियो । नस्य कर्मले पिनास, टाउको दुखाइ, माइग्रेन लगायतका समस्यामा राहत दिने र समग्र श्वासप्रश्वास स्वास्थ्य सुधार गर्न मद्दत गर्ने चिकित्सकहरूको भनाइ छ ।

दैनिकरूपमा धूलो, धुवाँ र विभिन्न किसिमका प्रदूषणको उच्च जोखिममा रहने ट्राफिक प्रहरीहरूलाई लक्षित गरी सञ्चालन गरिएको यस्तो कार्यक्रमले उनीहरूको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ ।

# ‘सशस्त्र प्रहरीलाई विश्वासिलो सुरक्षा संस्थाका रूपमा विकास गरिन्छ’

■ प्रभाव संवाददाता



**काठमाडौं–** नवनियुक्त सशस्त्र प्रहरी महानिरीक्षक नारायणदत्त पौडेलले संगठनलाई विश्वासिलो, आधुनिक, उत्तरदायी, प्रविधिमैत्री र परिणाममुखी सुरक्षा संस्थाका रूपमा विकास गरिने बताएका छन् ।

महानिरीक्षकको दर्ज्यानी चिह्नबाट शुशोभित भएपछि सशस्त्र प्रहरी मुख्यालय हल्चोकमा सोमबार पदवाहालीका क्रममा सकल दर्जालाई सम्बोधन गर्दै उनले गैरव्यावसायिक आचरण, भ्रष्टाचारजन्य क्रियाकलाप तथा बाह्य प्रभावप्रति शून्य सहनशीलताको नीतिलाई न्यूनतम सर्तका रूपमा कार्यान्वयन गरिने बताए ।

महानिरीक्षक पौडेलले अनुशासन, ‘चेन अफ कमाण्ड’ र संस्थागत निष्ठा नै संगठनको आधारशीला रहेको उल्लेख गर्दै सांगठनिक हित र व्यावसायिकतामा कुनै सम्झौता नहुने स्पष्ट पारे । सशस्त्र प्रहरी ऐन तथा नियमावलीको समयसापेक्ष परिमार्जनको प्रक्रिया अघि बढाइने प्रतिबद्धता व्यक्त गर्दै उनले संगठनको आधुनिकीकरण एवं आवश्यक स्रोतसाधनको उपलब्धताका लागि पहल गरिने बताए ।

महानिरीक्षक पौडेलले भने, ‘संगठनलाई आधुनिक, सक्षम र भविष्यमा आइपर्ने चुनौतीको सामना गर्न तयार बनाउने दिशामा केन्द्रित भई तालिम प्रणालीलाई समयसापेक्ष, व्यावहारिक र प्रविधिमैत्री बनाइ ज्ञानमात्र नभई सीप र नेतृत्व क्षमता विकासमासमेत जोड दिइने छ ।’

उनले कार्यगत क्षेत्रमा आधुनिक प्रविधिको प्रयोगलाई संस्थागत रूपमा विस्तार गर्दै दंगा व्यवस्थापन, आन्तरिक सुरक्षा तथा विपद् व्यवस्थापनका क्षेत्रमा आधुनिक उपकरण, क्षमताको विकास तथा द्रुत प्रतिक्रिया संयन्त्रलाई सुदृढ बनाइने बताए । ‘सीमा सुरक्षालगायत प्रमुख जिम्मेवारीलाई बिओपीहरूको विस्तारसहित रणनीतिक परिचालन, अत्याधुनिक स्रोतसाधनको व्यवस्थापनमा जोड दिइने छ । प्रविधिमैत्री सीमा निगरानी एवं ‘डिजिटल बोर्डर’ अवधारणाअनुसार सीमावर्ती नाकामा आवतजावतलाई सहजीकरण गर्दै आपराधिक क्रियाकलाप निस्तेज पारिने छ,’ महानिरीक्षक पौडेलले भने ।

उनले बाढी, पहिरो, भूकम्प, हिमपहिरो तथा दुर्गम क्षेत्रमा हुने उद्धार कार्यलाई अझ प्रभावकारी बनाउन अत्याधुनिक उपकरण, विशेष तालिम, उच्च पर्वतीय उद्धार क्षमता र समुदायमा आधारित स्वयंसेवक तालिम तथा पूर्वतयारी प्रणालीलाई विस्तार गरी अझ प्रभावकारी विपद् प्रतिकार्यको पर्यायका रूपमा सशस्त्र प्रहरीलाई स्थापित गरिने दृढता व्यक्त गरे ।

पदवहालीका क्रममा सशस्त्र प्रहरी महानिरीक्षक पौडेलले हल्चोकस्थित अमर सशस्त्र प्रहरी स्मारकमा ‘रिथ’ अर्पण गरेका थिए । त्यसअघि उनको सम्मानमा सम्मान गारद टोलीले सलामी अर्पण गरेको थियो ।

# जातीय विभेदविरुद्ध ‘फास्ट ट्र्याक डेस्क’ सञ्चालन गर्न निर्देशन

**काठमाडौं (प्रस)–** दलित समुदायलाई कोठा भाडामा नदिएको भन्दै त्यसविरुद्ध दीपा नेपालीको नेतृत्वमा माइतीघरमा जारी धर्ना र मुलुकभर व्याप्त जातीय छुवाछूतबारे चासो राख्दै सरकारले ‘फास्ट ट्र्याक डेस्क’ सञ्चालन गर्न निर्देशन दिएको छ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सीता वादी, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतम र प्रधानमन्त्री वालेन्द्र शाहका प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालबीच छलफलपछि यस्तो निर्देशन दिइएको हो ।

छलफलमा मन्त्री वादीले कानुन र सचेतनाका कार्यक्रम हुँदाहुँदै पनि जातीय भेद्भाव कायमै रहनु दुःखद भएको बताइन् । कानुनमन्त्री गौतमले जातीय विभेदसम्बन्धी उजुरी तत्काल दर्ता गर्ने र कारबाही प्रक्रियालाई तीव्रता दिन चुस्त संयन्त्रको आवश्यकतामा जोड दिइन् ।

छलफलपछि जातीय तथा सामाजिक विभेदसम्बन्धी गुनासोहरूको तत्काल सुनुवाइका लागि ‘फास्ट ट्र्याक डेस्क’ सञ्चालनमा ल्याउन गृहसचिव राजकुमार श्रेष्ठलाई निर्देशन दिइएको हो । गृहसचिव श्रेष्ठले ‘डेस्क’ सञ्चालनमा ल्याउन ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई निर्देशन दिने बताए । उनले विद्यमान कानुनी व्यवस्था पर्याप्त रहेको उल्लेख गर्दै अब प्रभावकारी कार्यान्वयनलाई प्राथमिकता दिइने प्रतिबद्धता जनाए ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७९/०३/०५ मा दर्ता भएको **प्रा. लि. नं. २९२५८४** को **मिएम्बिसन कन्सल्टिंग नेपाल प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०१/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०८१/०४/२९ मा दर्ता भएको **प्रा.लि. नं. ३४१५८०/०८१/०८२** को **स्मार्ट टेक प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२।१२।२२ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७६/०९/०७ मा दर्ता भएको **प्रा. लि. नं. २३०९३२** को **अनमोल कैलाश टुर्स एण्ड ट्राभल्स प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०१/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६८/०२/२५ मा दर्ता भएको **प्रा.लि. नं. ८३७८९/०६७/०६८** को **श्री निर्वाणा वेलनेस सेन्टर प्रा.लि.** को मिति २०८३/०१/२१ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः सन्दिप कुमार शाही, इजाजत पत्र नं. ६५२, ठेगाना :त्रिपुरेश्वर, काठमाडौं**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०६४/०३/२८ मा दर्ता भएको प्रा.लि.नं. ४६७९३ को **सत्य शिवम् मनि ट्रान्सफर प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१२/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धि सूचना**

तेश्रो पटक प्रकाशित मिति : २०८३/०१/२२

यस कम्पनीको सम्पन्न बिशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८२-०३-१६ गते स्विकृति प्राप्त भई साबिक कम्पनी **भर्गो एग्रो इण्डष्ट्रिज** (प्रा.लि.नं.२४६६१२/०७७/०७८) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु ब्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नाम **श्री सूर्योदय खाद्य उद्योग लि.** अंग्रेजीमा **Shree Suryodaya Khadya Udhyog Limited** को कम्पनीले सकार्ने ब्यहार्ने गरि कम्पनीको नाम परिवर्तन गरिएको ब्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**कर्मचारी नरहेको सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Seagull International Global H.R. Consultants Pvt. ltd.** इजाजत नम्बर ४०७/०६०/६१ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजतसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| नाम थर | ठेगाना |
|---|---|
| अरुन तिमल्सिना | २४-०१-७१-०६०२५ |
| अमित तिमल्सिना | २४-०१-७१-०३२४६ |
| सुरेन्द्र लामा | ९६६६४ |
| रुबिना घले | ०४-०१-७१-०१४२८ |
| दिपा गुरुङ | २२-०१-७४-०३०७९ |

LIC No. 407/060/61
Seagull International Global H.R. Consultants Pvt. Ltd.
Sukedhara, Kathmandu, Nepal, Tel: 01-4375822/4375824
E-mail : cm.seagull55@gmail.com, Web: www.seagullnepal.com.np



**कतार/साउदीमा रोजगार** कम्पनी : **AL SAHID CONTRACTING AND SERVICES**

पूर्व स्वीकृति मिति : २०८२/१०/२१ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०१/२१ | LT. No. 338349 | चलानी नं. ६०२५१८०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners(Female) | 0 | 4 | 1100 | ४५,८३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Foreman | 2 | 0 | 2500 | १०४१६० | | | | | | | |
| 3. | Male Hospital Cleaner | 4 | 0 | 1100 | ४५,८३१ | | | | | | | |
| 4. | REPRESENTATIVE (PRO) | 2 | 0 | 2500 | १,०४,१६० | | | | | | | |
| 5. | Service Agents | 2 | 0 | 2200 | ९१,६६२ | | | | | | | |

कम्पनी : **YAZAN SAEED AL-ZAHRANI FOUNDATION**

पूर्व स्वीकृति मिति : २०८३/०१/१४ | LT. No. 341079 | चलानी नं. ६०२५४७९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Service Agent | 1 | 0 | 1200 | ४८,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **DIAMOND FLAGS CONTRACTING EST**

पूर्व स्वीकृति मिति : २०८३/०१/१४ | LT. No. 341078 | चलानी नं. ६०२५४७९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 2 | 0 | 1000 | ४०,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | HEAVY TRUCK DRIVER | 1 | 0 | 1800 | ७२,८६५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २९ गते (12th May 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AL-HARMAIN H.R. PVT. LTD.
Sinamangal-9, Kathmandu, Nepal, T: 01-4584810
Email:- info@alharmainhr.com.np, Web: www.alharmain.com.np
Govt.Lic. No 1160/073/74



**साउदीमा रोजगार** कम्पनी : **SUPPORT ENGINES CONTRACTING CO. LTD**

पूर्व स्वीकृति मिति : २०८१/०९/०९ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०१/२१ | LT. No. 306352 | चलानी नं. ६०२२१०९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 10 | 0 | 1800 | ७२,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **ROBOUA AL-SUMMAN FUEL CORPORATION**

पूर्व स्वीकृति मिति : २०८२/१०/२३ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०१/२१ | LT. No. 338652 | चलानी नं. ६०२५२०२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 3 | 0 | 2500 | १०१,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Driver | 9 | 0 | 1800 | ७२,८६५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ वैशाख २९ गते (12th May 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८
Kapeel Manpower Pvt. Ltd.
Kupandole, Lalitpur, Nepal, Tel: 01-5451901, Mobile: 9851324457 Sanjay Maharjan
E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np



**साउदीमा रोजगार** कम्पनी : **MOHAMMED AYED BIN AYED AL-QAHTANI FAST FOOD RESTAURANT** शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८३/०१/१६ | LT. No. 341177 | चलानी नं. ६०२५४८०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 3 | 0 | 1000 | ४०,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **SAAD BIN AYED BIN AYED AL-QAHTANI FAST FOOD RESTURANT** शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८३/०१/१६ | LT. No. 341176 | चलानी नं. ६०२५४८०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 2 | 0 | 1000 | ४०,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **ADEL SULEIMAN ABDULAZIZ ALBASSAM FOR AIR CONDITIONING AND COOLING COMPANY** शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८३/०१/१६ | LT. No. 341174 | चलानी नं. ६०२५४८०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker Load And Unload | 3 | 0 | 1000 | ४०,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **MAKTANEF CHALETS FOR HOLIDAY HOMES** शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८३/०१/१६ | LT. No. 341264 | चलानी नं. ६०२५४८०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | House Keeping Assistant | 2 | 0 | 1200 | ४८,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **FACTORY ASAB FOR MANUFACTURING** शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८३/०१/१६ | LT. No. 341175 | चलानी नं. ६०२५४८०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker Load And Unload | 5 | 0 | 1000 | ४०,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख ३० गते (13th May 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Overseas Employment (P.) Ltd.
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069, E-mail: overseas4employment@gmail.com
श्रम इजाजत नं. १२०८/०७३/०७४



**साउदीमा रोजगार** कम्पनी : **ASHWAQ SAREH SALAMAH AL-SHARARI TRADING ESTABLISHMENT**

पूर्व स्वीकृति मिति : २०८३/०१/२१ | LT. No. 341367 | चलानी नं. ६०२५४७६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laundry Worker And Ironing | 1 | 0 | 1200 | ४८,५७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २९ गते (12th May 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम इजाजत नं. ५७४/०६२/०६३
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



**साउदीमा रोजगार** कम्पनी : **FAHAD NASEER AL WADANI COMPANY**

पूर्व स्वीकृति मिति : २०८३/०१/२० | LT. No. 341403 | चलानी नं. ६०२५४८०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 4 | 0 | 1200 | ४८,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ वैशाख २९ गते (12th May 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FAST EMPLOYMENT SERVICE (P) LTD
Kunpondole, In front of Hotel Himalaya, Lalitpur, Tel. No: +977-5180421/ 5180431, 9808155760 Sunita shrestha
9860868244 Madan Bhattarai, E-mail : fastemployment1399@gmail.com, Web: www.fastemployment.com.np
Govt. License 1399/074/75



**Mauritius मा रोजगार** कम्पनी : **AGILISS LTD**

पूर्व स्वीकृति मिति : २०८३/०१/२१ | LT. No. 341395 | चलानी नं. ६०२५४७७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब MUR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Fish Packer | 15 | 0 | 17750 | ५७,६५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Forklift Driver | 15 | 0 | 19000 | ६१,७११ | | | | | | | |
| 3. | Merchandiser | 15 | 0 | 19000 | ६१,७११ | | | | | | | |
| 4. | Packing Operator | 15 | 0 | 17750 | ५७,६५१ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २९ गते (12th May 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GRACE OVERSEAS PVT. LTD.
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067



**ओमनमा रोजगार** कम्पनी : **SAHAM FACTORY FOR FISHING CAGE MANUFACTURING RECOMMENDATION**

पूर्व स्वीकृति मिति : २०८३/०१/२१ | LT. No. 341405 | चलानी नं. ६०२५४७८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब OR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fishery Worker | 3 | 0 | 120 | ४७,३७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २९ गते (12th May 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



**बहराइन/साउदीमा रोजगार** कम्पनी : **PREMIUM CHICKEN RESTAURANT FOR FAST FOOD**

पूर्व स्वीकृति मिति : २०८३/०१/२० | LT. No. 341457 | चलानी नं. ६०२५४७५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब BHD | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 4 | 160 | ६४,४७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **BE H HERBAL SPA W.L.L**

पूर्व स्वीकृति मिति : २०८३/०१/२० | LT. No. 341412 | चलानी नं. ६०२५४७५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 1 | 0 | 1500 | ६०,७२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २९ गते (12th May 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Noor Overseas Pvt. Ltd
श्रम ईजाजत नं. १०८८/०७३/०७४
Samakhushi-26, Kathmandu, Nepal Phone : +977-4983094, 4960824
E-Mail : operation.alnoor@gmail.com, mktmp.alnooroverseas@gmail.com, Website : www.alnooroverseas.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# शीतलनिवासको सन्देश सिंहदरबारको जिद्दी

**संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी अध्यादेशलाई लिएर कार्यपालिका र राष्ट्रपति कार्यालयबीच देखिएको खिचातानीले मुलुकको संवैधानिक अभ्यासमा गम्भीर प्रश्न खडा गरेको छ । मन्त्रिपरिषद्ले आइतबारमात्र फिर्ता आएको अध्यादेशलाई कुनै परिमार्जन नगरी पुनः राष्ट्रपतिसमक्ष सिफारिस गर्नुले सरकार र राष्ट्रप्रमुखबीचको दूरीमात्र बढाएको छैन, बरु लोकतान्त्रिक संस्थाहरूलाई आफ्नो अनुकूल प्रयोग गर्ने अधिनायकवादी मानसिकतालाई पनि प्रश्रय दिएको छ ।**

**संवैधानिक परिषद् राज्यका महत्त्वपूर्ण अंगहरूमा नियुक्ति सिफारिस गर्ने उच्चस्तरीय र सन्तुलित निकाय हो । यसमा प्रधानमन्त्री, प्रधानन्यायाधीश, सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, उपसभामुख र विपक्षी दलका नेता रहने व्यवस्था हुनुको मूल मर्म नै नियुक्तिका निर्णयहरू सर्वसम्मति वा व्यापक सहमतिमा हुनुपर्छ भन्ने हो । तर, वालेन्द्र शाह नेतृत्वको वर्तमान सरकारले तीन सदस्यको उपस्थितिमा पनि निर्णय गर्न सकिनेगरी गणपूरक संख्या घटाएर अध्यादेश ल्याउनुले परिषद्को शक्ति सन्तुलनको मर्ममाथि प्रहार गरेको छ ।**

**विगतमा केपी शर्मा ओली र सुशीला कार्की नेतृत्वका सरकारले पनि यस्तै प्रयास नगरेका होइनन् । तर, राष्ट्रपति रामचन्द्र पौडेलले पटक–पटक यसलाई 'होल्ड' गर्नु वा सन्देशसहित फिर्ता पठाउनुको पछाडि संवैधानिक मूल्यमान्यताको रक्षा गर्ने मनसाय देखिन्छ । राष्ट्रपतिले 'कूल सदस्य संख्याको बहुमत' लाई निर्णयको आधार मान्नुपर्ने जुन अडान लिएका छन्, त्यो विधिको शासनका दृष्टिले जायज छ । छ सदस्यीय परिषद्मा तीन जना (जसमा एक जना प्रधानमन्त्री स्वयं हुन्छन्) ले मात्रै राज्यका प्रमुख अंगहरूमा नियुक्ति गर्ने अधिकार पाउनु भनेको दलीय भागबण्डा र स्वेच्छाचारितालाई संस्थागत गर्नु हो ।**

**सरकारले 'कुनै परिमार्जन नगरी' पुनः अध्यादेश पठाउनुले कार्यपालिकाको जिद्दी र संवैधानिक प्रक्रियाप्रतिको उपेक्षा झल्काउँछ । संविधानको धारा ११४ बमोजिम सरकारलाई अध्यादेश ल्याउने अधिकार भए पनि त्यसको प्रयोग असामान्य अवस्थामामात्र हुनुपर्छ । संसद् छलेर र राष्ट्रपतिको सुझावलाई बेवास्ता गर्दै ल्याइने यस्ता अध्यादेशले लोकतन्त्रलाई बलियो बनाउँदैनन् ।**

**अब बल फेरि राष्ट्रपतिको कोर्टमा पुगेको छ । संवैधानिक व्यवस्थाअनुसार दोस्रोपटक सिफारिस भएर आएको विषयलाई राष्ट्रपतिले रोक्ने ठाउँ निकै साँघुरो छ । यद्यपि, संविधानको संरक्षकको हैसियतले राष्ट्रपतिले पुनः कानुनी परामर्श गरी मुलुकलाई थप संवैधानिक संकटबाट जोगाउन विवेकपूर्ण निर्णय लिनु आवश्यक छ । सरकारले पनि बहुमतको दम्भ देखाउनुभन्दा संवैधानिक निकायहरूको गरिमा जोगाउन राजनीतिक सहमतिको बाटो रोज्नु नै श्रेयस्कर हुने छ । राज्यका अंगहरूबीचको यस्तो द्वन्द्वले अन्ततः लोकतान्त्रिक प्रणालीलाई नै कमजोर बनाउने निश्चित छ ।**

# शिक्षा क्षेत्रका वर्तमान चुनौती र समाधानका उपायहरू



❑ विष्णुचन्द्र गौतम

शिक्षालाई राष्ट्र विकासको सवैभन्दा पहिलो र महत्त्वपूर्ण पूर्वाधार मानिन्छ । किनकि, यो क्षेत्रको विकास नभईकन अन्य क्षेत्रको विकास अपुरो र अधुरो रहन्छ । स्वास्थ्य, सञ्चार, जनशक्ति र खानेपानी क्षेत्रको विकासको त कल्पना पनि गर्न सकिँदैन । तसर्थ, मानव जीवनका लागि प्राणवायुको जति महत्त्व छ त्यति नै राष्ट्र विकासका लागि शिक्षाको महत्त्व छ । शिक्षाले विकासलाई जनचाहनामुलक र समयानुकूल बनाउँदछ । दक्ष र अर्धदक्ष जनशक्तिको उत्पादन शिक्षाबाट मात्र सम्भव छ । स्रोत साधनको पहिचान र परिचालन पनि शिक्षाबाट मात्र गर्न सकिन्छ । अफ्रिका महादेशका अधिकांश देशहरू खनिज, जलस्रोत वनजंगल आदिजस्ता स्रोतहरूमा सम्पन्न हुँदाहुँदै पनि शिक्षाको अभावमा विकासमा पछाडि परेको कुरा घामजत्तिकै छर्लंग रहेको छ । युरोप महादेशका राष्ट्रहरूलाई विकसित बनाउने धेरैवटा तत्वहरूमध्ये विनाकुनै प्रश्नचिह्न शिक्षा नै एक नम्बरमा आउँदछ ।

वि.सं. २००७ सालमा लगभग दुई प्रतिशतको हाराहारीमा रहेको साक्षरता दर वि.सं. २०७८ को जनगणनाअनुसार ७६.२ प्रतिशत रहेको छ । यसरी नेपालमा शिक्षा क्षेत्रको अवस्था क्रमशः सुध्रँदै गएको पनि देखिन्छ । तर कस्तो शिक्षा, कुन शिक्षा भन्ने प्रश्न हाम्रा अगाडि सधैं रहिरहन्छ । शिक्षाले मानिसको सीप, ज्ञान, क्षमता र दक्षता बढाई बानी व्यहोरामा पनि सुधार ल्याउँदछ । आफ्नो परिवेशका स्रोत, साधन र आवश्यकताबारे शिक्षाले बुझाउनुपर्दछ । यदि त्यसो गर्न सक्दैन भने त्यो शिक्षालाई असफल मानिन्छ । आफ्नो बाटो, माटो र सम्भावनालाई चिनाउन नसक्ने शिक्षाले अरुका लागि भरियामात्र उत्पादन गर्दछ । विकासको सपनालाई वास्तविकतामा साकार तुल्याउन सक्दैन । शिक्षा व्यावहारिक र सैद्धान्तिक दुवै किसिमको हुनुपर्छ । राष्ट्र, समाज, समुदाय र परिवारप्रति आफ्ना जिम्मेवारीहरू बहन गर्न जोस दिलाउने प्रकारको हुनुपर्छ । अन्तर्राष्ट्रिय व्यवस्था र अवस्थालाई शिक्षाले ज्ञान गराउनुपर्दछ । अब परीक्षामा उत्तीर्णमात्र गराउने र धेरै प्राप्तांक खोज्ने शिक्षाको कुनै अर्थ छैन ।

एउटा विद्यार्थी दिनभरी कक्षामा बस्छ र विस्तारै-विस्तारै वर्ष दिन बिताउँछ तर सिकेको-जानेको केही छैन भने प्रश्न सीधै राज्यतिर सोझ्याउनुपर्छ अनिमात्र विद्यालय, शिक्षक र परिवारतिर । ज्ञान र सीपका लागि अध्ययन गर्ने हो, उमेर बिताउन र बूढो बन्नका लागि कदापि होइन । देश र समाज चिन्न, चिनाउन लागि पढ्ने र पढाउने हो । समय कटाउनका लागि होइन ।

दरबार हाईस्कुल, दिङ्ला संस्कृत पाठशाला र अन्य भाषा पाठशालाहरूबाट सुरु भएको नेपालको औपचारिक शिक्षाको इतिहासलाई बेलायत र अरु युरोपियन राष्ट्रहरूको शैक्षिक इतिहाससँग तुलना गर्ने हो भने लामो समय पार गरिसकेको छैन । यस शैक्षिक इतिहासमा संख्यात्मक प्रगति आशातीत भएता पनि गुणस्तरमा त्यस्तो हुन सकेको छैन ।

नेपालको वर्तमान शिक्षाको प्रमुख चुनौती भनेको गुणस्तरीय शिक्षाको अभाव हो । विद्यार्थीले पढेर स्नातकोत्तर तह उत्तीर्ण गर्छ तर उसले सामान्य घरायसी काम जुन अत्यावश्यक हुन्छ गर्न पनि जानेको हुँदैन । सैद्धान्तिक ज्ञान त उसमा हुन्छ तर व्यावहारिक ज्ञान हुँदैन । २१औं शताब्दीमा सैद्धान्तिक ज्ञानमात्रको महत्त्व छैन । व्यावहारिक ज्ञान पनि अपरिहार्य र अनिवार्य छ । त्यस्तै अर्को ठूलो चुनौती भनेको उदार कक्षा नीति पनि हो । नेपाल सरकारको वर्तमान व्यवस्थाअनुसार कक्षा ५ सम्मका विद्यार्थीहरूलाई परीक्षा लिनु पर्दैन भनिएको छ । विद्यार्थीहरूलाई कुनै पनि मूल्यांकन नगरीकनै कक्षा उत्तीर्ण गराइयो भने त्यो उत्पादनभन्दा बढी प्रत्युत्पादन हुन्छ । मूल्यांकनको विधि फरक हुन सक्छ तर मूल्यांकन भने अनिवार्य गर्नुपर्छ ।

आजकाल विद्यालय र कलेजका विद्यार्थीहरूमा नपढे पनि केही फरक पर्दैन, पढ्नु भनेको पैसा कमाउनका लागि हो, आफू जे गरेर भए पनि पैसा कमाइहाल्छु भन्ने पनि रहेको छ । शिक्षक, विद्यालय, कलेज, राज्य र समाजले पढ्नु किन पर्दछ भनेर बुझाउन नसक्नु ठूलो चुनौती हो । एकपटक कोशी प्रदेशका मुख्यमन्त्रीले आफू अन्तिम बेञ्चमा बस्ने मुख्यमन्त्री भएको तर अघिल्ला बेञ्चमा बसेर मिहेनत गर्नेहरू आफ्नो कर्मचारीमात्र भएको बताएर समग्र शिक्षा क्षेत्रको अपमान गरेका थिए । समाजबाट यो सोचको अन्त्य गर्नु अर्को ठूलो चुनौती हो ।

आयातीत शैक्षिक सिद्धान्त, दर्शन र विचारहरूको बाहुल्यता रहनु अर्को शैक्षिक चुनौती हो । आफ्नो गाउँघर, देश र परिवेशलाई चिनाउने शिक्षा कम र विदेशका सिद्धान्त, दर्शन र विचारधारालाई बुझाउने शिक्षा बढी छ । यस्ता कुराहरूले न त देश विकासमा सहयोग गर्छन् न त देशप्रेम र राष्ट्रिय एकताको भावनाको विकास गर्न नै । अभिभावकहरूमा रहेको अंग्रेजी मोह पनि अर्को ठूलो चुनौती हो । कुनै पनि एक भाषा गुणस्तरीय शिक्षाको पर्याय हुन सक्दैन । स्वदेशी भाषा, धर्म, संस्कृति र परम्पराबाट पनि गुणस्तरीयता वृद्धि गर्न सकिन्छ । सरकारी विद्यालयहरूमासमेत अंग्रेजी मोह बढ्नु सोचनीय विषय हो । हामीले हाम्रै भाषामा पनि शिक्षा लिनुपर्छ । आफ्नो बिर्सिएर सबै अरुकोमात्रै लिनु राम्रो होइन ।

नीतिगत समस्या पनि अर्को चुनौती हो । संसार फेरिएर कहाँबाट कहाँ पुगिसक्दा पनि हामी ५०/५५ वर्ष अगाडिकै शिक्षा ऐन प्रयोगमा ल्याइरहेका छौं । विद्यालय र शिक्षकका वर्तमान समस्याहरूलाई पुरानो शिक्षा ऐनले सम्बोधन गर्न सकेको छैन । शिक्षामा बढ्दै गरेको प्रविधिको व्यापक प्रयोगलाई त्यो ऐनले छोएको छैन । क्याम्पस र विद्यालय शिक्षामा हुने गरेको राजनीतिक हस्तक्षेपलाई निमिटचान्न पार्नु पनि अर्को चुनौती हो । विद्यालय र बालबालिका शान्ति क्षेत्र हुन् भन्ने कुरालाई सदैव आत्मसात् गर्नुपर्छ । वर्तमान सरकारले क्याम्पसमा हुने राजनीतिक हस्तक्षेपलाई नियन्त्रण गर्ने प्रयास गर्नु प्रशंसनीय कदम हो । शिक्षा प्रदान गर्ने घरहरू कदापि राजनीतिको रणभूमि बन्नु हुँदैन । क्याम्पसको स्थापना राजनीति गर्नका लागि भएको होइन । त्यो पवित्र स्थल हो । त्यहाँ पढ्ने र पढाउने कार्यलाई प्रभावकारी ढंगले अगाडि बढाउनुपर्छ ।

सरकारले अन्य क्षेत्रको तुलनामा शिक्षा क्षेत्रमा गरेको लगानी न्यून छ । विनालगानी सुधार गर्ने प्रयास प्रभावकारी नबन्न सक्छ । धेरैजसो सरकारी विद्यालयहरू अव्यवस्थित छन् भने केही निजी विद्यालयहरू अत्यधिक महँगा छन् । यसलाई व्यवस्थित गर्नु अर्को ठूलो चुनौती हो । एसइई परीक्षालाई सुधार गर्ने नाममा भएका विभिन्न प्रयोगहरू पनि चुनौतीकै रूपमा अगाडि आएका छन् । विद्यार्थीहरूलाई उत्तीर्ण गराउने बहानामा पाठ्यक्रम र पाठ्यपुस्तकहरू बारम्बार फेरबदल गरिनु पनि चुनौतीकै रूपमा रहेको छ । सरकारले पास गराउने तरिका होइन, गुणस्तरीय बनाउने उपाय रोज्नुपर्दछ । धेरै विद्यार्थीहरू पास हुनुमात्र गुणस्तरीय शिक्षाको परिचय हुन सक्दैन । मूल्यांकनचाहिँ वास्तविक हुनुपर्छ ।

शिक्षा क्षेत्रलाई सुधार गर्न सरकार एक्लै पर्याप्त छैन । यसका लागि राज्यका अन्य क्षेत्रलाई पनि साथै लिएर अगाडि बढ्नुपर्दछ । अभिभावक पनि सरकारको साथमा हुनुपर्छ । विद्यालय, शिक्षक, विद्यार्थी, राज्य सबै पक्ष हातमा हात र काँधमा काँध मिलाएर अगाडि बढ्नुपर्छ । आधुनिक प्रविधिको प्रयोगलाई प्राथमिकता दिनुपर्छ । संसद्ले वैज्ञानिक र व्यावहारिक शिक्षा ऐन व्यापक अध्ययन र खोजीनिति गरेर जारी गर्नुपर्दछ । कुनै एक पक्षलाई दोष लगाएर शिक्षा क्षेत्र सुध्रन्न । सबैले आ-आफ्ना कमजोरीहरूलाई निमिटचान्न पारेर अगाडि बढ्नुपर्दछ । सबै पक्ष जिम्मेवार भएमात्र शिक्षा क्षेत्रमा प्रगति सम्भव छ । आफैंमात्रै जान्ने, बुझ्ने र गर्न सक्ने सोच लिएर र अरुको विचारलाई पन्छाएर गरिएको सुधारको प्रयास बालुवाको महल बनाउने प्रयास जस्तोमात्र हुन्छ ।

"
आजकाल विद्यालय र कलेजका विद्यार्थीहरूमा नपढे पनि केही फरक पर्दैन, पढ्नु भनेको पैसा कमाउनका लागि हो, आफू जे गरेर भए पनि पैसा कमाइहाल्छु भन्ने पनि रहेको छ । शिक्षक, विद्यालय, कलेज, राज्य र समाजले पढ्नु किन पर्दछ भनेर बुझाउन नसक्नु ठूलो चुनौती हो । एकपटक कोशी प्रदेशका मुख्यमन्त्रीले आफू अन्तिम बेञ्चमा बस्ने मुख्यमन्त्री भएको तर अघिल्ला बेञ्चमा बसेर मिहेनत गर्नेहरू आफ्नो कर्मचारीमात्र भएको बताएर समग्र शिक्षा क्षेत्रको अपमान गरेका थिए । समाजबाट यो सोचको अन्त्य गर्नु अर्को ठूलो चुनौती हो ।

## श्रम सरोकार

### विदेशमा कमाएको रकम स्वदेशमा आयमूलक व्यवसायमा प्रयोग गर्ने उपायहरू

- वैदेशिक रोजगारीबाट प्राप्त रकम घर पठाउँदा सो रकम कुन-कुन कार्यमा के कति खर्च गर्ने र बचत भएको रकम केमा प्रयोग गर्ने भन्ने विषयमा पहिले नै घर सल्लाह गर्नु उपयुक्त हुन्छ । आफूले खर्च गर्ने, घर खर्च गर्ने, ऋण तिर्ने र स्वदेश फर्केपछि गर्ने व्यवसायका लागि रकम जम्मा गर्ने आदिको योजना बनाएर काम गर्दा बढी प्रभावकारी हुन्छ ।
- वैदेशिक रोजगारीका क्रममा आफूले गर्ने गरेको कार्यमा प्रयोग हुने सीप र प्रविधिको स्वदेश फर्किएपछिसमेत प्रयोग गर्न सकिने विषयमा विशेष चनाखो भएर कार्य गर्नुपर्दछ । आफूले जानेको सीप र प्रविधिकै प्रयोग हुनेखालको व्यवसाय वा काम स्वदेशमा गर्न सके बढी उपलब्धिमूलक हुन्छ ।
- आफू वैदेशिक रोजगारीमै रहेका बेला आफ्नो घरमा बेरोजगार रहेकालाई आयमूलक कार्य वा व्यवसाय गर्न प्रोत्साहन गर्नुपर्छ ।
- कुनै व्यवसाय वा आयमूलक कार्यमा रकम प्रयोग गर्ने अवस्था नभएसम्म वैदेशिक रोजगारबाट प्राप्त रकमलाई बैंक वा वित्तीय संस्थामा बचत गरी सुरक्षित राख्नुपर्छ ।
- आयमूलक कार्य वा व्यवसायका लागि आफूले बनाएको सक्षम योजनाका लागि रकम अपुग भए बैंक, वित्तीय संस्था वा नेपाल सरकारले ल्याउने कार्यक्रमहरूमार्फत ऋण, सहुलियत आदि लिन सकिन्छ । यसका लागि सरकारी सूचनाहरूका विषयमा जानकारी लिने गर्नु पर्दछ ।
- वैदेशिक रोजगारीमा सिकेको सीपलाई मूल्यांकन गरी प्रमाणपत्रसमेत दिने व्यवस्था हुने भएकोले आफ्नो सीपको परिक्षण गराई योग्यताको प्रमाणपत्र लिने गर्नु पर्दछ ।

### वैदेशिक रोजगारीमा आर्जन गरेको रकम र सीप प्रयोग गरी विभिन्न अयमूलक कार्य गर्न सकिन्छ, जसमाः

- दैनिक उपभोग्य वस्तुहरूको व्यापार (किराना पसल, होटल, रेस्टुराँ, कस्मेटिक, गिफ्ट सप आदि) सञ्चालन गर्ने ।
- विदेशमा सिकेको सीप तथा प्रविधिको प्रयोग गरी गाउँस्तरमा साना उद्योग सञ्चालन गर्ने ।
- कृषि फार्म (जस्तैः बाख्रापालन, कुखुरापालन, बंगुरपालन, माछापालन लगायत) मा लगानी गरी आय आर्जन बढाउने ।
- बेमौसमी तरकारीखेती गरी आय आर्जन बढाउने ।
- सिलाइ, बुटिक, पार्लर, पोतेका सामग्री बनाउने, खेलौना बनाउनेजस्ता काम पनि गर्न सकिन्छ ।

# ऋणको भारी बोकेको केटो !






✍ बैकुण्ठ भण्डारी

हातमा राष्ट्रिय झण्डा अनि एक प्याकेट चाउचाउको परिया बोकेर सुरक्षाकर्मीतर्फ हेर्दै दौडिरहेको बालक अहिले सामाजिक सञ्जालमा निकै नै लोकप्रिय बनेको छ । वालेन्द्र सरकारले सुकुमबासी बस्ती हटाएसँगै बस्तीबाट विस्थापित भएको बालकको भिडियो सामाजिक सञ्जालमा भाइरल बन्यो, जुन भिडियो हेरेपछि बस्ती छाडे पनि राष्ट्रियता अझै छ भन्ने अभिव्यक्तिहरू आइरहेका छन् ।

गुलेलीको मटचांग्रो कहिलेकाहीँ रबर तान्दा आफैंतर्फ फर्कियो भने निधारै फुटाउला भनेजस्तो भो हुन्छ । यही वैशाख १२ गतेदेखि सुकुमबासी हटाउने उर्दी जारी भयो । त्यो पनि अदृश्य शक्तिजस्तै गरी । जिल्ला प्रशासन कार्यालयबाट सूचना आयो । बस्ती खाली गर्नु भन्दै । अनि महानगरको प्रहरीले माइक बजाउँदै हिँड्यो- भोलि बिहान यति बजेसम्ममा ठाउँ खाली गर्नु भनेर । अनि सरकारका प्रवक्ताले क्यामरा अगाडि बोले, 'सुकुमबासी हटाउने मन्त्रिपरिषद्बाट निर्णय नै भएको छैन ।'

मोबाइलको पर्दामा सरकारका प्रवक्ताले सुकुमबासी हटाउने मन्त्रिपरिषद्मा निर्णय भएको छैन भन्दै गर्दा रातको समयमा सुकुमबासी बस्तीमा पुलिस छिरेर ठाउँ खाली गर भन्नुचाहिँ खासमा हुकुमबासी सार्न खोजिएको रहेछ !

बागमतीमा बसुन् कि रुद्रमतीमा बसुन् वा विष्णुमतीमा बसुन् । खाडीपाखामा बसुन् कि रामहिटी डाँडामा बसुन् । सरकारी जग्गा हडपेर बसेका हुन् यिनलाई धपेट्नैपर्छ । मन्त्रिपरिषद्ले किन निर्णय गर्नुपर्‍यो ? नगरपालिकाले नै निर्णय गरे भैगो नि ! सुकुमबासी कसले हटाउने भन्या छ र ? हुकुमबासी पो हटाउने भनेको ! सुन्नुभएन ? कि तपाईंका कान पनि चिरा परेका छन् ?

कुरा त 'एक कान, दुई कान, मैदान' हुने भैगो । त्यसमाथि पनि अहिलेका नारदमुनि (युटचुबर/कण्टेण्ट क्रियटर) हरू लट्ठीमा मोबाइल तेर्सायो अनि करायो । 'अनि भन्नुस्, तपाईंलाई कस्तो लागिरहेको छ ?' त्यसका बाजे घर भत्किएको छ, डोजरले कोतरेको कोतर्‍यै छ ? कस्तो लाग्यो भन्नु ? देखाउनुपर्ने कुरा देखाउनु नि !

सुकुमबासीका नाममा हुकुमबासीहरूको कटेरोमा त गँगटोका पखेटाले त चिथोर्नपर्‍यो नि ! तर ती कटेरोमा के थियो भन्ने कुरा पनि हेर्न पर्थ्यो होला नि ! सुकुमबासी हो कि हुकुमबासी ! सरकार जासुसहरूलाई किन थाहा नभाको हो र ? हिजोसम्म तैं चुप र मै चुप गरेर बसेका त हुन् नि ? गँगटोले च्यापेर भए पनि हुकुमबासीलाई त निकाल्ने नै हो । तर सुकुमबासीलाई घरबार बसाल्ने नै हो । तेरीमा टोक्ने यो त सरकारले भनेको हो नि !

एमाले-कांग्रेस-माउवादी कुन-कुन वादी कुन दुलामा पसे पसे ! हुकुमबासीको हुक्कामा बसे कि सुकुमबासी भन्नेको महलमा बसे पत्तै भएन । तर चुपचाप... दलहरू पत्तासाफ !

आफूलाई पर्दा डाँको छाड्नेहरू अरुलाई पर्दा ताली ठोक्दा रै'छन् भन्ने कुरा त तिनै नारदमुनि (युटचुबर/कण्टेण्ट क्रियटर) हरू भिडियोमा मटचांग्राले हेरेकै हो नि ।

कोही बोलेनन् । गँगटोले कोपरेको कोपर्‍यै छ । भएकालाई त ठिकै छ, हुँदै नभएकाहरूको पो बिजोक छ । 'गरिबको चमेली बोल्दिने कोही छैन' त्यसै भनेको पनि होइन । सहरको बीचाँ बसेर सरकारी जग्गा कब्जा गर्नेको उठीबास हुँदा किन कोकोहोलो मच्चाउनुपर्‍यो ? अब सबै सुकुमबासी ! उहाँ सांसद बन्नुभाकाहरू पनि त्यस्तै सरकारी जग्गा नै कब्जा गरेर बस्या रै'छन् । बाको पालामा बस्या रे ! अनि त्यो फुच्चे केटो पनि त हजुरबाकै पालामा बसेको हो त ।

त्यसो भए कसले न्याय पाउने कुन्नि ? सुकुमबासीले पाउने हो कि हुकुमबासीले ? जन्मँदै ऋणको भारी त त्यही चाउचाउको पोको बोक्ने केटाकै थाप्लोमा छ । दुबई, कतार, मलेसिया पुग्ने श्रमिकहरूकै थाप्लोमा छ । ऋणको भारी गह्रुँगो छ । छाप्रो बनाएको ऋण पनि तिर्नु छ । कसले कसरी भाडामा लगाएर खायो भन्ने पनि थाहा नै छ । र पनि त्यही केटोको थाप्लोमा ऋण थप्दै सिंहदरबारले फेरि ऋण लियो ।

सत्ताको साँचो त्यही छ । गरिबको थाप्लोमा ऋणको भारी बोकाउने ठाउँ पनि त्यही छ । 'गरिबको चमेली बोल्दिने कोही छैन' भन्दै विश्वास बटुल्ने पनि त्यही छ । अनि फेरि दोहोरो चरित्र निभाउने पनि त्यही छ ।

आखिर ऋणको भारी बोक्ने केटोकै बाउको छाप्रामा गँगटोले कोपरेको छ ! त्यही कटेरोमा जन्मिएको केटोको थाप्लामा ऋण बोकाउनेले छाप्राभित्र रहेको किताब कापी बोकाएनन् ।

खुल्दुली त सबैलाई लाग्यो होला । पहिले बासको व्यवस्था गरिदिएको भए पनि हुन्थ्यो । अर्कोले भन्छ- किन गर्नुपर्‍यो ? हामीलाई सोधेर बसेको हो र ? 'ज्ञ'बाट क्रान्ति सुरु गर्नेको कुरा नै बेग्लै ! ज्ञानबाट आर्जित क्रान्ति पो सफल हुन्छ । 'क' को कमेरो भित्ता पोतेर कहाँबाट शान्ति आउला र ? गरिबी निवारणका लागि त पहिले गरिब सकाउनुपर्‍यो । गरिब सकिए पो गरिबी सकिन्छ ! नागराजले डसेपछि पो विष लाग्छ । अब गँगटोले चिथोर्दा के नै पो जान्छ र ?

भाग्यमा लेखेको कुरा पो पाइन्छ । देखेको पाइन्छ र ? फेरि अर्को नारदमुनिले भन्छ । अब त मानवअधिकार होइन दानवअधिकारको पो कुरा उठाउनुपर्छ ! नीलो कोटेले भन्यो । अन्नदाताले जे भन्छ त्यही गर्ने हो । ऋण लि भने लिने हो । दिन्न भने हस् भन्ने हो । शासकहरूको त के जान्छ र सधैं फाइदा नै फाइदा ।

घाटा त उही मुग्लान छिर्न हिँड्दाहिँड्दै जिन्दावाद र मुर्दावाद भन्ने ऋणको भारी बोक्नेका लागिमात्र हो । हिजो पनि त्यही थियो, आज पनि त्यही नै छ । कसैले राता मान्छे भनेर ऋण बोकाए । कसैले नीला मान्छे भन्दै भारी बोकाए ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

S.N. Recruiting Service Pvt Ltd
Govt. License 1284/074/75
Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9803334884, E-mail : snrecruitingnepal@gmail.com



**साउदीमा रोजगार** कम्पनी : ABDUL AZIZ A. ABU BUSHAIT AND PARTNERS COMPANY

पूर्व स्वीकृति मिति : २०८२/१०/११ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०१/२१ | LT. No. 337727 | चलानी नं. ६०२५१२०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding Erector | 3 | 0 | 1200 | ४८,५७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २९ गते (12th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Superb For Ultimate Manpower Solution Pvt.Ltd
Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal, Tel : +977-1-4521448
E-mail : info@superbultimate.com, Webiste :www.superbultimate.com



**मलेसियामा रोजगार** कम्पनी : KUKUP GUAN SENG SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०१/०७ | LT. No. 340691 | चलानी नं. ६०२५४७९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Oridinary Labourer (Shelf Stacker) | 80 | 0 | 1700 | ६५,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ वैशाख २९ र ३० गते (12 & 13 May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TRANS WORLD Manpower CO.(P) Ltd.
Govt. License 300/059/60
3rd Floor, Josi Complex/ Opp. Padmodaya High School/ Exhibition Road, Kathmandu
Tel: 00977-1-4219272, 4219282, 2042104/ 9841378643 G.L. Rai, Email: twmanpower@wlink.com.np



**साउदीमा रोजगार** कम्पनी : AL MAWARID RECRUITMENT COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०१/२० | LT. No. 341441 | चलानी नं. ६०२५४७२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Life Guard/diver | 1 | 0 | 1500 | ६०,७२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL MAWARID RECRUITMENT COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०१/२० | LT. No. 341440 | चलानी नं. ६०२५४७२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Administration Staff | 1 | 0 | 2000 | ८०,९६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २९ गते (12th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | रु.१०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal, Swostika Pariyar : 9706125170
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम इजाजत नं. १३०५/०७४/०७५



**युएइमा रोजगार** कम्पनी : DECAI GLOBAL CONSTRUCTION L.L.C

पूर्व स्वीकृति मिति : २०८२/१०/०७ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०१/२१ | LT. No. 337514 | चलानी नं. ६०२५०९५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | assistant electricians | 3 | 0 | 1200 | ४९,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | assistant tile layer | 3 | 0 | 1200 | ४९,६०० | | | | | | | |
| 3 | assistant plumber | 3 | 0 | 1200 | ४९,६०० | | | | | | | |
| 4 | bricklayer | 3 | 0 | 1500 | ६२,००० | | | | | | | |
| 5 | plumber | 4 | 0 | 1500 | ६२,००० | | | | | | | |
| 6 | stone brick / assistant | 1 | 0 | 1200 | ४९,६०० | | | | | | | |
| 7 | tile layer | 2 | 0 | 1500 | ६२,००० | | | | | | | |
| 8 | tile polisher | 2 | 0 | 1500 | ६२,००० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ वैशाख २९ गते (12th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GLOBAL RELIANCE OVERSEAS SERVICES PVT. LTD
Samakhusi-26, Townplanning (Near Swimming Pool) Kathmandu
Tel: +977-1-4960523, 4957731, Email : globalreliance03@gmail.com
License No. : 832/066/67



भारतको गुवाहाटीमा हालै सम्पन्न राज्य चुनावको प्रारम्भिक नतिजामा आफ्नो पार्टीले अग्रता लिँदा सोमबार भारतीय जनता पार्टीका कार्यकर्ताहरू नारा लगाएर खुसी मनाउँदै । *तस्बिरः एपी*

# फिलिपिन्सः मेयनको खरानीले गाउँहरू खाली

**मनिला–** फिलिपिन्सको प्रसिद्ध तर जोखिमपूर्ण मेयन ज्वालामुखीबाट एक्कासि खसेको बाक्लो खरानीले जनजीवन प्रभावित बनाउँदा ३०० भन्दा बढी परिवार विस्थापित भएका छन् । अधिकारीहरूका अनुसार सप्ताहन्तमा ज्वालामुखीको ढलानमा जम्मा भएको लावा एक्कासि खस्दा ठूलो मात्रामा खरानी फैलियो, जसका कारण आसपासका बस्तीहरू तत्काल खाली गराउनुपरेको थियो ।



अधिकारीहरूका अनुसार मेयनबाट कुनै ठूलो विष्फोट नभए पनि यसको दक्षिणपश्चिमी ढलानमा जम्मा भएको लावाको विशाल भण्डार अचानक खस्दा पाइरोक्लास्टिक प्रवाह उत्पन्न भएको थियो । फिलिपिन्स इन्स्टच्युट अफ भोल्कानोलोजी एण्ड सिस्मोलोजीका निर्देशक टेरेसिटो बाकोलकोलका अनुसार तातो चट्टान, खरानी र ग्यास मिसिएको यो प्रवाह शनिबार रातअघि तीव्र गतिमा तल झरेको थियो, जसले आसपासका क्षेत्रमा भय र त्रास फैलाएको थियो ।

यस घटनाबाट कुनै मानवीय क्षति नभएको जानकारी दिइएको छ । तर तीन सहरअन्तर्गत पर्ने ८७ वटा गाउँमा खरानीको बाक्लो बादल फैलिँदा जनजीवन प्रभावित भएको थियो । दृश्यता अत्यन्त न्यून हुँदा सवारी आवागमनमासमेत समस्या आएको अधिकारीहरूले बताएका छन् ।

ज्वालामुखीको फेदमा रहेको क्यामालिग सहरका मेयर कालोय बाल्डोका अनुसार खरानीको घनत्व यति धेरै थियो कि मुख्य राजमार्गमासमेत शून्यजस्तै दृश्यता भएको थियो । उनले केही स्थानीय बासिन्दा डराएको भए पनि प्रशासनले उनीहरूलाई संयमित रहन आग्रह गरेको जानकारी दिए ।

खरानीका कारण कृषिमा पनि असर परेको छ । विशेषगरी तरकारी खेतीमा क्षति पुगेको छ भने क्यामालिग क्षेत्रमा चारवटा पानी भैँसी र एउटा गाईको मृत्यु भएको बाल्डोले बताए । अल्बे प्रान्तअन्तर्गत करिब आठ हजार जनसंख्या रहेको उक्त क्षेत्रमा अहिले सफाइ र पुनःस्थापनाको काम जारी रहेको छ ।

निर्देशक बाकोलकोलका अनुसार हाल अवस्था केही शान्त देखिए पनि जोखिम पूर्णरूपमा टरेको छैन । उनले मेयन ज्वालामुखी सधैँ सतर्कताका साथ निगरानीमा राखिएको उल्लेख गरे ।

समुद्र सतहदेखि दुई हजार ४६२ मिटर (आठ हजार ७७ फिट) उचाइमा रहेको मेयन ज्वालामुखी यसको सममित शंकु आकारका कारण फिलिपिन्सको प्रमुख पर्यटकीय आकर्षण मानिन्छ । तर यही ज्वालामुखी देशका २४ सक्रिय ज्वालामुखीमध्ये सबैभन्दा सक्रिय पनि हो ।

यसअघि जनवरीमा साना विष्फोटहरूको शृंखलापछि अधिकारीहरूले पाँच-चरणीय चेतावनी प्रणालीअन्तर्गत जोखिम स्तर तीन मा बढाएका थिए । ती विष्फोटहरूले शिखर क्रेटरबाट गाडीबराबर आकारका चट्टानहरू बाहिर फ्याँकेको र घातक पाइरोक्लास्टिक प्रवाह उत्पन्न गरेको जनाइएको छ ।

चेतावनी प्रणालीअनुसार स्तर पाँच पुगेको अवस्थामा ज्वालामुखीबाट अत्यन्त खतरनाक विष्फोट, लावा प्रवाह, भारी खरानी वर्षा र पाइरोक्लास्टिक प्रवाह हुने भएकाले मानव जीवनमा गम्भीर जोखिम हुने गर्दछ । *रासस/एपी*

# एसिया-प्रशान्तमा ऊर्जा र डिजिटल विकासका लागि ७० अर्ब डलर लगानी

**समरकन्द–** एसिया-प्रशान्त क्षेत्रमा ऊर्जा र डिजिटल पूर्वाधारलाई सुदृढ बनाउन एडिबीले सन् २०३५ सम्म ७० अर्ब अमेरिकी डलरबराबरको ठूलो लगानी गर्ने घोषणा गरेको छ । यो घोषणा उज्बेकिस्तानको समरकन्द सहरमा सम्पन्न एडिबीको ५९औं वार्षिक बैठकका क्रममा गरिएको हो, जहाँ अध्यक्ष मासातो कान्दाले क्षेत्रीय सहकार्यलाई नयाँ उचाइमा पुऱ्याउने लक्ष्यसहित दुई प्रमुख पहल अगाडि सारेका हुन् ।

पहिलो पहल ऊर्जा क्षेत्रमा केन्द्रित छ । यसअन्तर्गत विभिन्न देशका विद्युत् प्रणालीहरू आपसमा जोड्ने योजना बनाइएको छ । यसले सीमापाररूपमा विद्युत् आदानप्रदानलाई सहज बनाउने छ । उदाहरणका लागि, कुनै देशमा उत्पादन भएको अतिरिक्त जलविद्युत् वा सौर्य ऊर्जा अर्को देशमा पठाउन सकिने छ । यसले ऊर्जा अभाव भएका क्षेत्रहरूमा भरपर्दो आपूर्ति सुनिश्चित गर्नुका साथै उत्पादन लागत पनि घटाउने अपेक्षा गरिएको छ । यस योजनामा प्रसारणलाइन विस्तार, सबस्टेसन निर्माण, ऊर्जा भण्डारण प्रविधि विकास तथा विद्युत् सञ्जालको आधुनिकीकरणमा विशेष ध्यान दिइने छ ।

दोस्रो पहल डिजिटल क्षेत्रमा केन्द्रित छ । यसको उद्देश्य एसिया-प्रशान्त क्षेत्रमा डिजिटल पहुँच विस्तार गर्नु र प्रविधिमा आधारित अर्थतन्त्रलाई बलियो बनाउनु हो । यसअन्तर्गत डेटा पूर्वाधार, द्रुत इन्टरनेट सञ्जाल र आधुनिक सूचना प्रणाली विकासमा लगानी गरिने छ । यसले ग्रामीण तथा दुर्गम क्षेत्रहरूमा पनि इन्टरनेट पहुँच बढाउने छ, जसले शिक्षा, स्वास्थ्य, व्यापार र सरकारी सेवाहरूलाई अझ प्रभावकारी बनाउने छ । साथै, कृत्रिम बुद्धिमत्ताजस्ता उन्नत प्रविधिको प्रयोगमार्फत नयाँ रोजगारी सिर्जना र आर्थिक वृद्धि हुने अपेक्षा गरिएको छ ।

यी दुवै पहलहरूले देशहरूबीचको सहकार्यलाई मजबुत बनाउने, आर्थिक अवसरहरू विस्तार गर्ने र समग्र क्षेत्रमा दिगो विकासलाई गति दिने लक्ष्य राखेका छन् । एडिबीले ऊर्जा र डिजिटल पहुँचलाई भविष्यको विकासका मुख्य आधारका रूपमा लिएको छ ।

एडिबी सन् १९६६ मा स्थापना भएको बहुपक्षीय विकास बैंक हो, जसले एसिया-प्रशान्त क्षेत्रमा गरिबी न्यूनीकरण, पूर्वाधार विकास र आर्थिक समृद्धिका लागि सहयोग गर्दै आएको छ । यसमा हाल ६९ सदस्य देश छन्, जसमध्ये ५० देश यही क्षेत्रका छन् । *रासस/सिन्ह्वा*

# ऊर्जा संकटबीच जापान– अस्ट्रेलिया सहकार्य विस्तार



**मेलबर्न–** विश्वव्यापी ऊर्जा आपूर्ति अस्थिर बन्दै गइरहेका बेला जापान र अस्ट्रेलियाले ऊर्जा सुरक्षा, रक्षा र महत्त्वपूर्ण खनिज क्षेत्रमा सहकार्यलाई अझ गहिरो बनाउने सहमति गरेका छन् । इरानसँग सम्बन्धित द्वन्द्वका कारण आपूर्ति शृंखलामा देखिएको दबाबबीच दुवै देशले रणनीतिक साझेदारी मजबुत बनाउने निर्णय गरेका हुन् ।

जापानी प्रधानमन्त्री साने ताकाइचीले पदभार सम्हालेपछि पहिलो औपचारिक विदेश भ्रमणका क्रममा सोमबार अस्ट्रेलियाको संसद् भवनमा आफ्ना समकक्षी एन्थोनी अल्बानिजसँग भेटवार्ता गरिन् । भेटमा दुवै नेताबीच क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सुरक्षासँग सम्बन्धित विविध विषयमा गहन छलफल भएको जनाइएको छ ।

ताकाइचीका अनुसार चीन, दक्षिणपूर्व एसिया, प्रशान्त टापु राष्ट्रहरू, आणविक मुद्दा तथा उत्तर कोरियाद्वारा अपहरण गरिएका नागरिकका विषयमासमेत रणनीतिक संवाद भएको थियो । उनले स्ट्रेट अफ हर्मुज क्षेत्रमा उत्पन्न तनावले इण्डो-प्यासिफिक क्षेत्रमा गम्भीर प्रभाव पारेको उल्लेख गर्दै यस्ता परिस्थितिमा दुवै देशले समन्वय गरेर छिटो प्रतिक्रिया दिने सहमति भएको बताइन् ।

ऊर्जा निर्भरताको दृष्टिले पनि दुवै देशबीच सम्बन्ध महत्त्वपूर्ण रहेको छ । अस्ट्रेलियाले जापानलाई आवश्यक पर्ने तरलीकृत प्राकृतिक ग्यासको करिब आधा हिस्सा आपूर्ति गर्दै आएको छ भने जापान अस्ट्रेलियालाई रिफाइण्ड पेट्रोल र डिजेल आपूर्ति गर्ने प्रमुख देशहरूमध्ये एक हो ।

अमेरिका र इजरायलले इरानमाथि गरेको आक्रमणपछि उत्पन्न आपूर्ति अवरोधलाई ध्यानमा राख्दै अस्ट्रेलियाले वैकल्पिक स्रोत सुनिश्चित गर्न पहल गरिरहेको छ । यसै क्रममा प्रधानमन्त्री अल्बानिजले हालै सिंगापुर, ब्रुनाई र मलेसियाको भ्रमण गरी इन्धन आपूर्ति बढाउने प्रयास गरेका थिए । सोमबार सम्पन्न सहमतिहरूले दुवै देशका नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने अल्बानिजले बताए । उनका अनुसार मध्यपूर्वमा जारी द्वन्द्वका कारण विश्व बजारमा आएको अस्थिरताको असरबाट अस्ट्रेलियालीहरूलाई कम जोखिम हुने वातावरण निर्माण गर्न यो सहकार्य उपयोगी हुने छ ।

ऊर्जा सुरक्षासम्बन्धी संयुक्त वक्तव्यमा आवश्यक इन्धन र ग्यासको खुला व्यापार प्रवाह कायम राख्ने तथा वर्तमान संकटलाई संयुक्त रूपमा सामना गर्ने प्रतिबद्धता दोहोऱ्याइएको छ । साथै आर्थिक सुरक्षा सहकार्यअन्तर्गत भूराजनीतिक तनाव, आर्थिक दबाब तथा बजार अवरोधजस्ता जोखिमबारे परामर्शलाई निरन्तरता दिने सहमति पनि गरिएको छ ।

दुवै देशले विशेषगरी महत्त्वपूर्ण खनिज क्षेत्रमा सहकार्य बढाउने विषयलाई प्राथमिकतामा राखेका छन् । रक्षा, विद्युतीय सवारी तथा प्रविधि उद्योगका लागि आवश्यक दुर्लभ पृथ्वी तत्वको आपूर्ति व्यवस्थापनमा चीनको प्रभुत्वलाई सन्तुलन गर्ने उद्देश्य यसमा देखिएको छ ।

संयुक्त विज्ञप्तिमा गैरबजार नीतिहरू, निर्यात प्रतिबन्ध तथा आर्थिक दबाबका अभ्यासप्रति चिन्ता व्यक्त गर्दै यस्ता प्रवृत्तिले विश्वबजारमा असन्तुलन सिर्जना गर्ने उल्लेख गरिएको छ । महत्त्वपूर्ण खनिजलाई आर्थिक सुरक्षा साझेदारीको प्रमुख आधारका रूपमा विकास गर्ने घोषणा पनि गरिएको छ ।

यसैअनुसार अस्ट्रेलियाले जापानसँग सम्बन्धित खनिज परियोजनाहरूमा सहयोग गर्न एक अर्ब ३० करोड अस्ट्रेलियन डलरसम्म लगानी उपलब्ध गराउने जनाएको छ । रक्षा सहकार्यतर्फ पनि नयाँ कदम अघि बढाइएको छ । जापान र अस्ट्रेलियाका रक्षामन्त्रीहरूले हालै जापानी डिजाइनका तीन युद्धपोत आपूर्तिसम्बन्धी बहुअर्ब डलरको सम्झौतामा हस्ताक्षर गरिसकेका छन् । मित्सुबिशी हेभी इण्डस्ट्रिजले जापानमै प्रारम्भिक तीन मोगामी-वर्गका फ्रिगेट निर्माण गर्ने छ भने अस्ट्रेलियाले थप आठ जहाज आफ्नै शिपयार्डमा निर्माण गर्ने योजना बनाएको छ ।

औपचारिक छलफलपछि दुवै नेताबीचको संवाद केही हल्का वातावरणमा पनि पुगेको थियो । संगीतप्रेमीका रूपमा परिचित अल्बानिजले ताकाइचीको हेभी मेटल संगीतप्रतिको रुचिबारे मजाक गर्दै आगामी भेटमा पनि यस्तो अनौपचारिक छलफल जारी रहने संकेत गरे । *रासस/एपी*

# भारतमा मतगणनाः मोदीका लागि निर्णायक घडी

**कोलकाता–** भारतका विभिन्न राज्यमा सम्पन्न चुनावको मतगणना सोमबार कडा सुरक्षा व्यवस्थाबीच सुरु हुँदा यसको नतिजाले प्रधानमन्त्री नरेन्द्र मोदीका लागि राजनीतिकरूपमा महत्त्वपूर्ण सन्देश दिने अपेक्षा गरिएको छ । विशेषगरी पश्चिम बंगालमा केन्द्रित यस चुनावी प्रतिस्पर्धालाई राष्ट्रिय शक्ति सन्तुलनसँग जोडेर हेरिएको छ ।

अप्रिल र मे महिनामा पाँच राज्य तथा क्षेत्रहरूमा सम्पन्न निर्वाचनपछि अहिले मतगणना भइरहेको छ । सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) विपक्षीको नियन्त्रणमा रहेका राज्यहरूमा आफ्नो प्रभाव विस्तार गर्ने रणनीतिमा देखिएको छ । राष्ट्रिय संसद्मा बहुमतसहित सत्तामा रहेको भाजपाले यी चुनावलाई आफ्नो पकड थप मजबुत बनाउने अवसरका रूपमा लिएको छ ।

सबैभन्दा बढी ध्यान भने पश्चिम बंगालतर्फ केन्द्रित छ, जहाँ करिब १० करोड जनसंख्या भएको राज्यमा सन् २०११ देखि सत्तामा रहँदै आएकी मुख्यमन्त्री ममता बनर्जी नेतृत्वको अखिल भारतीय तृणमूल कांग्रेस (टिएमसी) लाई हटाउन भाजपाले आक्रामक अभियान चलाएको थियो । हिन्दू राष्ट्रवादी धार बोकेको भाजपाले यसपटक उल्लेखनीय उपलब्धि हासिल गर्ने अपेक्षा गरेको छ ।

गत हप्ता सार्वजनिक गरिएको एक्जिट पोलहरूले टिएमसी र भाजपाबीच कडा प्रतिस्पर्धा देखाए पनि केहीले भाजपालाई झिनो अग्रता दिएका थिए । यद्यपि, भारतमा एक्जिट पोलहरूको विश्वसनीयता अघिल्ला अनुभवका आधारमा कमजोर मानिँदै आएको छ ।

राजनीतिक विश्लेषक विश्वनाथ चक्रवर्तीका अनुसार पश्चिम बंगालको नतिजाले देशव्यापी राजनीतिक समीकरणमा प्रभाव पार्न सक्छ । उनले कोलकातामा एएफपीसँग कुरा गर्दै यस प्रतिस्पर्धाले शक्ति सन्तुलनलाई नयाँ ढंगले परिभाषित गर्न सक्ने सम्भावना रहेको बताए ।

यस चुनावी अभियानमा मतदाता सूचीबाट लाखौं नाम हटाइएको विषयले पनि विवाद निम्त्याएको थियो । अधिकारीहरूले अयोग्य मतदातालाई हटाउने उद्देश्य रहेको बताएका भए पनि आलोचकहरूले यसलाई सीमान्तकृत तथा अल्पसंख्यक समुदायलाई लक्षित कदमका रूपमा व्याख्या गरेका छन् ।

मतगणनाअघि मुख्यमन्त्री ममता बनर्जीले आफ्नो पार्टी विजयी हुने दाबी गरिन् । उनले भाजपाले सत्ता प्राप्त गर्न नसक्ने बताउँदै अन्तिमसम्म धैर्य राख्न समर्थकहरूलाई आग्रह गरिन् । यता पश्चिम बंगाल भाजपाका प्रमुख समिक भट्टाचार्यले भने जनताले परिवर्तन चाहेको दाबी गर्दै आफ्नो पार्टीको जित सुनिश्चित भएको प्रतिक्रिया दिए । पश्चिम बंगालमा अघिल्ला चुनावहरूमा हिंसात्मक घटना देखिएकाले यसपटक पनि सुरक्षा व्यवस्था कडा पारिएको छ ।

यसैबीच अन्य राज्यहरूमा पनि मतगणना जारी छ । दक्षिणी राज्य तमिलनाडुमा मुख्यमन्त्री एमके स्टालिन नेतृत्वको द्रविड मुनेत्र कडगम पुनः सत्तामा फर्किने अपेक्षा गरिएको छ । करिब आठ करोड जनसंख्या भएको यो औद्योगिक राज्यमा सत्तारूढ दल बलियो अवस्थामा देखिएको छ ।

तीन करोड १० लाखभन्दा बढी जनसंख्या रहेको पूर्वी राज्य असममा भाजपाले आफ्नो नियन्त्रण कायम राख्ने अनुमान गरिएको छ । सानो तटीय क्षेत्र पुडुचेरीमा पनि भाजपा सत्तारूढ गठबन्धनको हिस्सा रहेको छ ।

दक्षिणी राज्य केरलामा भने प्रतिस्पर्धा रोचक बनेको छ । करिब तीन करोड ६० लाख जनसंख्या रहेको यस राज्यमा कांग्रेस नेतृत्वको गठबन्धनले कम्युनिस्ट पार्टीलाई चुनौती दिएको छ र एक्जिट पोलहरूले सत्ता परिवर्तनको सम्भावना देखाएका छन् ।

यी राज्यहरूको नतिजाले प्रधानमन्त्री मोदीलाई आन्तरिक र बाह्य दुवै मोर्चामा प्रभाव पार्ने देखिन्छ । उच्च बेरोजगारी दर, आर्थिक दबाब तथा अमेरिकासँगको सम्भावित व्यापार सम्झौता जस्ता विषयबीच यी चुनावी परिणामहरूले सरकारको आगामी रणनीतिमा महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोहरूखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहिरूत दाहरूाल) – फोन नं.४०१६३१८, महरूाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिरूमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal-पुतलीसडक चोक, फोन नं. 9851079417, 2297501|HaLMax¿Communication-Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हरूल हरूसाईडमा), बी.एण्ड बी. कम्प्यूनिकेशन एण्ड साइबर, कलंकी चोक, फोन नं.९८४१०२१५२३, ९८५१०८८६७७, ९८१०१२३१३१, फ्याक्सः०१–४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हरूलफ्याक्स मिडिया एण्ड कम्प्यूनिकेशन जमल, काठमाडौं, सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९४८०० | प्रति तोला – ० | प्रति तोला – ५०३० |



**पर्यटकलाई स्वागत** तनहुँको बन्दीपुर गाउँपालिका-३ स्थित रामकोट गाउँमा घुम्न आएका विदेशी पर्यटक। मगर समुदायको बाहुल्यता रहेको यस गाउँका अधिकांश घर ढुंगाले छाएका र घर अगाडी आँगनमा ढुंगा विछ्याइएका र मकैको सुली राखिएका छन्। *तस्बिर : विष्णु नेपाल/रासस*

## गोल्छालाई छाड्न सर्वोच्चको आदेश



**काठमाडौं (प्रस)**– नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष एवं व्यवसायी शेखर गोल्छालाई धरौटी वा जमानतमा छाड्न सर्वोच्च अदालतले आदेश दिएको छ। न्यायाधीशद्वय महेश शर्मा पौडेल र श्रीकान्त पौडेलको संयुक्त इजलासले सोमबार केन्द्रीय अनुसन्धान ब्युरो लाजिम्पाटमा थुनामा रहेका व्यवसायी गोल्छाकी पत्नी सीमा गोल्छाले दायर गरेको बन्दी प्रत्यक्षीकरणको रिट निवेदनमाथि सुनुवाइ गर्दै धरौटी वा जमानतमा छाड्न आदेश गरेको हो।

'अनुसन्धान अधिकारीले धरौटी वा जमानत माग नगरी अनुसन्धानका लागि हिरासतमा राख्न अनुमति लिने दिने कार्य भएको हुँदा निजलाई हिरासतमा राख्ने गरी भएको मिति २०८३/१/११ र २०८३/१/२१ समेतका आदेश उत्प्रेषणको आदेशले बदर हुनेछ', आदेशमा भनिएको छ, 'अब धितोपत्रसम्बन्धी कसुरका हकमा यी निवेदकसँग धरौटी वा जमानत माग गरी उल्लिखित दफा १०४ को कानुनी व्यवस्थाअनुसार आवश्यक अनुसन्धान गर्न र धरौटी वा जमानत दिन नसकेको अवस्थामा मात्र हिरासतमा राखी अनुसन्धान गर्न परमादेश जारी गरिएको छ।'

नेपाल धितोपत्र बोर्डको छानबिन प्रतिवेदनका आधारमा थप अनुसन्धान गर्न भन्दै नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले व्यवसायी गोल्छालाई यही वैशाख ११ पक्राउ गरेको थियो।

उद्योग वाणिज्य महासंघ ६० औं साधारणसभा

# 'आर्थिक सुधारमार्फत मुलुकको आर्थिक रूपान्तरणलाई तीव्र बनाउनुपर्छ'

■ प्रभाव संवाददाता



**काठमाडौं**– नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले दोस्रो चरणको आर्थिक सुधारमार्फत मुलुकको आर्थिक रूपान्तरणलाई तीव्र बनाउनुपर्नेमा जोड दिएका छन्।

महासंघको ६०औं वार्षिक साधारणसभाका अवसरमा सोमबार आयोजित कार्यक्रममा उनले विगतमा विभिन्न चुनौतीलाई अवसरमा रूपान्तरण गर्ने प्रयास गरिएको उल्लेख गर्दै नयाँ अवसरहरूको खोजीमा निजी क्षेत्र सक्रिय रहेको बताए। 'हामीले निराशालाई आशामा बदल्ने प्रयास गरेका छौँ, धेरै क्षेत्रमा सफल पनि भएका छौँ,' उनले भने। ढकालले पछिल्लो राजनीतिक परिवर्तनपछि स्थिर सरकार गठन हुनु आर्थिक सुधारका लागि सकारात्मक संकेत भएको बताए। झन्डै दुई तिहाइ समर्थनसहित सरकार गठन भएको सन्दर्भ उल्लेख गर्दै उनले यसलाई नीतिगत स्थायित्व र विकासका लागि प्रयोग गर्न आग्रह गरे।

महासंघको पहलमा निजी क्षेत्रको संरक्षण र प्रवर्द्धनका लागि पारित गरिएको रणनीतिप्रति सरकारको प्रतिबद्धताप्रति धन्यवाद व्यक्त गर्दै ढकालले यसले निजी क्षेत्रको मनोबल उच्च बनाउने विश्वास व्यक्त गरे। 'निजी उद्यमीलाई भौतिक मात्र होइन, नीतिगत सुरक्षाको प्रत्याभूति आवश्यक छ,' उनले भने।

दोस्रो चरणको आर्थिक सुधारका लागि गठित उच्चस्तरीय आयोगका सुझावहरू कार्यान्वयन गर्नुपर्नेमा जोड दिँदै ढकालले आवश्यक कानुनी संशोधन, परिमार्जन तथा खारेजी प्रक्रियालाई तीव्र बनाउन आग्रह गरे। महासंघले यसअघि नै आर्थिक रूपान्तरणका लागि कानुनी सुधारको माग गर्दै आएको उनको भनाइ छ।

ढकालले नेपालमा हाल ठूलो आर्थिक अवसर उपस्थित भएको उल्लेख गर्दै राजनीतिक स्थायित्वलाई विकास र रोजगारी सिर्जनामा रूपान्तरण गर्नुपर्ने आवश्यकता औंल्याए। 'निजी क्षेत्रलाई सम्मानित र सुरक्षित वातावरणमा काम गर्न दिइयो भने नेपालसँग तीव्र आर्थिक प्रगतिको पर्याप्त सम्भावना छ,' उनले भने।

नेपालको जनसंख्याको औसत उमेर करिब २५ वर्ष रहेको र छिमेकी भारत र चीन जस्ता ठूला बजार नजिक हुनु मुलुकका लागि अवसर भएको ढकालले बताए। साथै विकसित मुलुकहरूमा भन्साररहित पहुँचका कारण नेपाली उत्पादन विश्व बजारमा प्रतिस्पर्धी बन्न सक्ने उनको धारणा छ। देशभित्र पर्याप्त रोजगारी सिर्जना हुन नसक्दा हरेक वर्ष करिब सात लाख युवा विदेशिन बाध्य भएकामा चिन्ता व्यक्त गर्दै उनले भने, 'उच्च ज्यालासहितको रोजगारी सृजना नगरेसम्म निराशालाई आशामा बदल्न सकिँदैन।'

ढकालले नेपाल र दक्षिण कोरियाबीचको प्रतिव्यक्ति आयको तुलना गर्दै सुधारको गति अपेक्षाभन्दा कम रहेको स्वीकार गरे। 'हामीले प्रगति त गरेका छौँ, तर सम्भावनाअनुसारको उपलब्धि हासिल गर्न सकेका छैनौँ,' उनले भने। पछिल्लो समय मध्यपूर्वमा देखिएको संकटले नेपालको अर्थतन्त्रमा जोखिम बढाएको उल्लेख गर्दै उनले पर्यटन, रेमिट्यान्स र इन्धन लागतमा असर परेको बताए। यस्तो अवस्थामा अर्थतन्त्रलाई आत्मनिर्भर बनाउनेतर्फ जोड दिनुपर्ने उनको भनाइ छ।

ढकालले हाल देशको कुल रोजगारीमध्ये करिब ८६ प्रतिशत रोजगारी निजी क्षेत्रले प्रदान गरिरहेको उल्लेख गर्दै लगानीमैत्री वातावरण निर्माण गर्न सरकारलाई आग्रह गरे। 'अत्यधिक नियमनका कारण लगानी वातावरण प्रभावित भएको छ,' उनले भने।

बंगलादेश, रुवान्डा, कम्बोडिया, भियतनाम र लाओसजस्ता मुलुकहरूले निजी क्षेत्रलाई प्रोत्साहन दिएर तीव्र आर्थिक प्रगति हासिल गरेको उदाहरण प्रस्तुत गर्दै ढकालले नेपालले पनि त्यही बाटो अपनाउनुपर्ने धारणा राखे।

### आशा जगाउने बजेट ल्याइन्छः अर्थमन्त्री

**काठमाडौं (प्रस)**– अर्थमन्त्री डा.स्वर्णिम वाग्लेले आशा जगाउने किसिमको बजेट ल्याउने बताएका छन्। नेपाल उद्योग वाणिज्य महासंघको साधारणसभाको उद्घाटन समारोहलाई सम्बोधन गर्दै अर्थमन्त्री वाग्लेले आगामी आर्थिक वर्षका लागि आशा जगाउने बजेट ल्याइने र निजी क्षेत्रलाई विकासको सारथी बनाउने प्रतिबद्धता जनाए।

मन्त्री वाग्लेले आर्थिक वृद्धि, रोजगारी सिर्जना तथा लगानी विस्तारका लागि निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण रहने उल्लेख गरे। मन्त्री वाग्लेले मन्त्रिपरिषद्मा निजी क्षेत्रको संरक्षण तथा प्रवर्द्धनसम्बन्धी रणनीतिक प्रस्ताव पेस गरिएको जानकारी दिए। 'सरकारको स्रोत सीमित छ, तर निजी क्षेत्रको लगानीले नै अर्थतन्त्रलाई विस्तार गर्छ,' उनले भने।

## सरकार महिला उद्यमीको आर्थिक विकास गर्न प्रतिबद्धः मुख्यमन्त्री कार्की

**मोरङ (प्रस)**– कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रदेशका महिला उद्यामीहरूको आर्थिक विकास गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन्। नेपाल उद्योग परिसंघद्वारा सोमबार विराटनगरमा आयोजित महिला नेतृत्व शिखर सम्मेलनको उद्घाटन गर्दै उनले महिला उद्यमीलाई प्रदेश सरकारले दुईदेखि छ वर्षसम्म ब्याज अनुदानमा १२ बैंकमार्फत छ प्रतिशत ब्याजमा कर्जा उपलब्ध गराउने व्यवस्था गराएको जानकारी दिए।

उनले प्रदेश सरकारले नीति तथा कार्यक्रम एवं बजेट बनाउनु अघि महिला उद्यमीहरूले आफ्नो योजना ल्याएर सम्झौता गर्न आग्रह गरे। मुख्यमन्त्री कार्कीले प्रदेशमा दर्ता भएका घरेलु कपडा उद्यमीहरूको प्रवर्द्धन गर्न प्रदेश सरकारअन्तर्गत चार हजार कर्मचारीहरूले हप्तामा एक दिन घरेलु कपडा लगाउनुपर्ने बताए।

उनले व्यापारीहरूले प्रदर्शनीस्थलका लागि जग्गा उपलब्ध गराएमा प्रदेश सरकारले भवन निर्माणका लागि बजेट विनियोजन गर्ने जानकारी दिए। मुख्यमन्त्री कार्कीले प्रदेश सरकारले गत वर्ष आयोजना गरेको लगानी सम्मेलनमा सम्झौता भएका एक दर्जन परियोजना र जेठ महिनाभित्र थप चार वटा परियोजना कार्यान्वयनमा आउने बताए।

उनले किसानका कृषि उत्पादनलाई बजारमा जोड्न पहल गर्ने प्रतिबद्धता व्यक्त गरे। परिसंघका केन्द्रीय अध्यक्ष वीरेन्द्रराज पाण्डे, महिला उद्यमी एवं सांसद विदूषी राणा, पवल गोल्याण लगायतले आगामी दिनमा एक हजार महिलालाई रोजगारी उपलब्ध गराउने बताए।

सम्मेलनमा प्रदेशका ३०० महिलाको सहभागिता रहेको छ। परिसंघले मेक इन नेपालको १४ स्टलमा महिला उद्यमीद्वारा उत्पादित सामग्रीको प्रदर्शनी गरिएको छ। सम्मेलनले महिलालाई कृषि, सीप, सिर्जनशिलता र डिजिटल नवप्रवर्द्धनमार्फत दिगो समृद्धि ल्याउनु सम्मेलनको मुख्य उद्देश्य रहेको छ।

## सौराहामा पर्यटकको आगमन उत्साहजनक

■ प्रभाव संवाददाता

**चितवन**– सातामा दुई दिन बिदा भएसँगै यहाँका पर्यटकीय क्षेत्रहरू चलायमान बनेका छन्। जिल्लाको मुख्य पर्यटकीय गन्तव्य सौराहामा विगतको तुलनामा छुट्टीको समयमा पर्यटक बढेको व्यवसायीले जनाएका छन्।

चितवन राष्ट्रिय निकुञ्ज र मध्यवर्ती सामुदायिक वनमा पर्यटकीय गतिविधिमा रमाउन यहाँ पर्यटक आउने गर्दछन्। गोष्ठीहरू र विवाहका लागि पनि पर्यटक सौराहा आउने गर्दछन्। गत वर्षहरूको तुलनामा यस वर्ष पर्यटकको आगमन उत्साहजनक देखिएको व्यवसायीको भनाइ छ।

क्षेत्रीय होटल संघका उपाध्यक्ष गुणराज थपलियाले शुक्रबार, शनिबार र आइतबार स्वदेशी पर्यटकको आगमन बढेकाले सौराहा चलायमान भएको छ। उनले भने, 'बिदाको दिनमा विदेशी पर्यटक मात्रै पनि ४० प्रतिशतभन्दा बढी छन्।' भारतीय, चिनियाँ र तेस्रो मुलुकका पर्यटक सौराहा आएका छन्। बिदाको दिनमा पर्यटकको संख्या नेपाली बढी हुने भए पनि अन्य दिनहरूमा विदेशी ७० प्रतिशत हाराहारी छन्। सरदर यो वर्ष ५० प्रतिशत कोठाहरू भरिएका छन्। उनका अनुसार गत वर्ष यो प्रतिशत ४० हाराहारी थियो।

चितवन आउने बाटो राम्रो भएमा पर्यटक संख्या अरू थपिने व्यवसायीको भनाइ छ। पोखराबाट चितवन आउने बाटो राम्रो भए पनि काठमाडौं र भैरहवाबाट यहाँ आउने बाटो विस्तारका क्रममा रहेकाले सोचेजस्तो पर्यटक आगमन छैन।

होटल भिस्टा सौराहाका सञ्चालक रमेश सिलवाल बिदा हुँदा स्वाभाविक रूपमा पर्यटक बढ्ने बताउँछन्। उनले बिदा हुँदा देशका विभिन्न ठाउँबाट पनि पर्यटक आउन सहज भएको बताए। यस वर्ष आफूले स्विमिङ पुल पनि थप गरेकाले आफ्नो होटलमा पर्यटक बढेको उनको भनाइ छ।

युनाइटेड हात्ती सञ्चालन सहकारी संस्थाका अध्यक्ष दीपेन्द्र खतिवडा बिदाको समयमा हात्ती चढ्न पालो कुर्नुपर्ने बताउँछन्। बिदामा पर्यटकको आगमन बढेसँगै पर्यटकीय गतिविधिमा रमाउनेहरूको संख्या पनि बढेको हो। सहकारीअन्तर्गत २५ वटा हात्ती रहेका छन्। ती हात्तीले बिहान र बेलुका पर्यटक घुमाउने गर्दछन्।

## फरवार्ड माइक्रोफाइनान्सको १३औं वार्षिक साधारणसभा




**काठमाडौं (प्रस)**– फरवार्ड माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको १३औं वार्षिक साधारण सभा २०८३ वैशाख २१ गते दुहबी,सुनसरीको दिनेश स्मृति भवनमा सम्पन्न भएको छ।

उक्त साधारण सभा उद्घाटन गर्दै पूर्व मन्त्री भगवती चौधरीले ग्रामीण महिला उत्सुकता विकास मञ्च (फरवार्ड) ले तीन दशकदेखि सुरुवात गरेको लघुवित्त कार्यक्रममा आवद्ध भएका महिला दिदीबहिनीहरूको आर्थिक, सामाजिक तथा राजनैतिक अवस्थामा सकारात्मक परिवर्तन आएको देखिनुनै यस कार्यक्रमको सफलता भएको बताएकी थिइन्।

उक्त अवसरमा उनले राज्यले कहिल्यै ऋण मिनाहा गर्न नसक्ने भएकाले गलत तत्वका पछि नलाग्न सुझाव दिएकी थिइन्। आफूले लिएको कर्जालाई उत्पदान हुने क्षेत्रमा मात्र लगानी गर्न आग्रह गरेकी थिइन्। लघुवित्तको सुधारका लागि सञ्चालक, कर्मचारी र ग्राहक सदस्य ३ वटै पक्ष इमानदार हुनुपर्ने विचार व्यक्त गरेकी थिइन्।

सभाले वित्तीय संस्थाका अध्यक्ष केशवराज पौडेलद्वारा सञ्चालक समितिको तर्फबाट प्रस्तुत आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन पारित गरेको थियो। उक्त सभाले लेखापरीक्षकको प्रतिवेदनसहितको २०८२ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आर्थिक वर्ष २०८१/८२ को नाफा/नोक्सान हिसाब तथा नगदप्रवाह विवरण र सम्बन्धित अनुसूचीहरू, लेखापरीक्षण समितिले सिफारिस गरेबमोजिम वित्तीय संस्थाको आर्थिक वर्ष २०८१/८२ को कारोबारको लेखापरीक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने विषयलाई पारित गरेको थियो।

सभाले संस्थापक समूहबाट र सर्वसाधारण समूहबाट सञ्चालकहरूको निर्वाचन प्रक्रियाबाट चयन गरेको थियो। निर्वाचन अधिकृत प्रेम प्रसाद पोखरेलले व्यक्तिगत संस्थापक सेयर समूहका तर्फबाट भगवती चौधरी, सर्वसाधारण सेयरधनी समूहकातर्फबाट जगत जंग जि.सी. तथा बोधराज नेपाल, एभरेष्ट बैंकको तर्फबाट विष्णु प्रसाद ज्ञवाली, ग्रामीण महिला उत्सुकता मञ्चको तर्फबाट गोविन्द चौधरी आगामी कार्यकालका लागि सञ्चालक सदस्य पदमा निर्वाचित भएको घोषणा गरेका थिए।

सभामा विशेष प्रस्तावका रूपमा वित्तीय संस्थाको हाल कायम पुंजी संरचना संस्थापक समूह र सर्वसाधारण समूह सेयर संरचना क्रमशः ७० प्रतिशत र ३० प्रतिशत रहेकामा संस्थापक सेयरधनीको नाममा कायम रहेको संस्थापक सेयरलाई कुल चुक्त पुंजीको १० प्रतिशत विन्दुले सर्वसाधारण सेयर परिवर्तन गरी नयाँ सेयर समूह र सर्वसाधारण समूह क्रमशः ६० प्रतिशत र ४० प्रतिशत कायम गर्न स्वीकृत गर्ने प्रस्ताव समेत सभाले पारित गरेको थियो।

सभाका अध्यक्ष केशवराज पौडेलका अनुसार वित्तीय संस्थाले २०८२ पुस मसान्तसम्म ४० जिल्लाका ३८२ स्थानीय निकायका दुई लाख ८४ हजार ५७ विपन्न परिवारमा १५९ शाखा कार्यालय मार्फत् वित्तीय सेवा पऱ्याएको छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ